# बाइबलको मण्डली

# The Church of the Bible




By

J.C. Choate

# बाइबलको मण्डली

(The Church of the Bible)
(In Nepali)

© सर्वाधिकार प्रकाशकमा,
तेस्रो संस्करण : २०८१, बैशाख
संख्या : (२,००० प्रति)
First English Printing : 1981
First Nepali Printing : January, 2015.
Second Nepali Printing : January, 2021
Third Nepali Printing : May, 2024
Copies : 2000

**लेखक/Writer**
जे.सी.चोएट/J.C. Choate

**Published by:**
World Evangelism
P.O. Box 72
Winona, Mississippi,
38967, USA

**Nepali Translation and Printing:**
Gajendra Deshar
Chapagaun Church of Christ
Nepal Center for Biblical Study
P.O.Box 25999

# बाइबलको मण्डली

# The Church of The Bible




**BY**
J. C. CHOATE

नेपाली अनुवाद/छपाई
नेपाल बाइबल अध्ययन केन्द्र
चापागाउँ ख्रीष्टको मण्डली
ललितपुर, नेपाल



## कृतज्ञता

निकै आनन्द र उत्साहकासाथ जे.सी.चोएटद्धारा लेखिएको बाइबलको मण्डलीलाई तेस्रो पटक छाप्न लागिरहेका छौ । यो पुस्तकले बाइबललको मण्डलीबारे ज्ञान दिन्छ । दाजु Jerry Bates (World Evangelism, Winona) प्रति हामी निकै आभारी छौं, जसले तेस्रो पल्ट नेपाली भाषामा छाप्नको निम्ति अनुमति दिनुभयो ।

परमेश्वरको सत्य वचन अध्ययन गर्न रुचाउने र साँचो मण्डलीको बारेमा जान्न चाहनुहुने सबैका निम्ति यो पुस्तक उपयोगी हुनेछ । यो पुस्तकले सम्पूर्ण पाठकहरुलाई परमेश्वर पिताबाट सही मण्डलीबारे बुझ्ने प्रकाश र ज्ञान दिनु भएको होस् भनी प्रार्थना गर्दछौं ।

धन्यवाद



## बाइबलको मण्डली

## परिचय र उद्देश्यहरू

परमेश्वरले स्थापना गर्नु भएको एउटै मण्डलीबारे तपाईलाई परिचय दिनको निम्ति यी आधारभूत पाठहरु बुझ्न सरल तरीकाले संगठित गरिएको छ । जो प्रभुको मण्डलीसित परिचित हुनुभएको छैनन्, उहाँहरुका उपयोगिताको निम्ति यो पुस्तक लेखेको हो । यी प्रत्येक पाठहरुले ख्रीष्टियानहरुलाई अर्ती, हौसला, समझशक्ति र सामर्थ्य प्रदान गर्नेछन् । यो पुस्तक बाइबलको मण्डलीमा आधारित छ ।

प्रत्येक खण्डमा तपाईलाई जानकारी गराउन र बुझ्नको निम्ति प्रश्नहरु राखिएका छन्, जुन महत्वपूर्ण छ । परमेश्वरका योजना बुझ्न चाहनुहुने जनहरुका निम्ति एक-अर्कासँग छलफल गर्न यी प्रश्नहरु निकै सहयोगी र उपयोगी हुनेछन् । कृपया हरेक प्रश्नहरुलाई स्वयमं आफैले गहिरेर मनन गर्नुहोस् र आत्मिक सत्यताको खोजी गर्न चाहनुहुने इमान्दार मानिसहरुसँग छलफल गर्नुहोस् ।

यस पुस्तकको केही उद्देश्यहरु निम्नि उल्लेखित छन्:

(१) विगत, बर्तमान, भविष्य र सबै अनन्ततामाथि शक्तिशाली हुनुहुने एकमात्र परमेश्वरको बारेमा ज्ञान दिने ।

(२) परमेश्वरले तपाईको निम्ति अनन्तको योजना बनाउनु भएको छ, जसमा मण्डली पनि समावेश छ भन्ने कुरा थाहा दिने ।

(३) येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ र उहाँ आफ्नो मण्डली स्थापना गर्न यस पृथ्वीमा आउनुभयो भन्ने कुराको अवगत गराउने ।

(४) परमेश्वर र येशूले 'एउटै' मण्डली स्थापना गर्नु भएको थियो भन्ने कुरा प्रकट गराउने ।

(५) तपाई किन प्रभुको मण्डलीको सदस्य हुनु पर्दछ भन्ने कुरा थाहा दिने ।

# बिषय सूची


| पाठ | बिषय | पाना नम्बर |
|---|---|---|
| पाठ - एक | मण्डलीको अर्थ........................................ | ५ |
| पाठ - दुई | मण्डलीको आगमन.................................... | ९ |
| पाठ - तीन | मण्डलीको स्थापना..................................... | १५ |
| पाठ - चार | मण्डलीको पहिचान.................................... | १९ |
| पाठ - पाँच | मण्डलीको नाम........................................ | २४ |
| पाठ - छ | मण्डलीको संगठन..................................... | २८ |
| पाठ - सात | मण्डलीमा प्रवेश........................................ | ३२ |
| पाठ - आठ | मण्डलीको आराधना................................... | ३७ |
| पाठ - नौ | मण्डलीको काम........................................ | ४१ |
| पाठ - दश | मण्डलीको एकता...................................... | ४६ |
| पाठ - एघार | मण्डलीको धर्मसार.................................... | ५० |
| पाठ - बाह्र | मण्डलीको इतिहास.................................... | ५४ |
| पाठ - तेह्र | आजको मण्डली........................................ | ६० |


नोटः- मौलिक रुपमा यो सामाग्री बाइबल पत्राचार पाठ्यक्रमको रुपमा देखापरेको थियो र श्रीलंकाको कोलोम्बोमा साप्ताहिक रुपमा “सप्तान्ह पत्रिकामा” प्रकाशित भएको थियो ।

पाठ-एक

# मण्डलीको अर्थ

## Meaning of the Church

पवित्र धर्मशास्त्र बाइबलले मण्डलीको बारेमा उल्लेख गरेको कुरा कसैले इन्कार गर्न सक्दैनन् । तर यो कसको मण्डली हो? कस्तो मण्डली हो? मण्डली के हो? यी प्रश्नहरु लगाएत अरु धेरै कुरा बारे समयमै उत्तर दिइनेछ, तर अहिले हामी मण्डली के हो भन्ने बारे बुझ्न चाहन्छौं । यसको शुरुवाट मण्डली के होइन भन्ने कुराबाट औल्याऔं । मण्डलीलाई बाइबलमा व्याख्या गरे अनुसार यो क्याथोलिक, प्रोटेस्टेन्ट वा यहूदी संगठन होइनन् । यो सम्प्रदाय वा कुनै खण्डित वर्ग पनि होइन् । यो कुनै राजनैतिक वा सामाजिक संगठन पनि होइन्, न त कुनै संसारिक भेला हुने भवन नै हो । यसकारण यी सबै कुरा मण्डली होइनन् भने, मण्डली के हो? बहुसंख्यक मानिसहरुले मण्डली के हो भन्ने कुरालाई बुझ्नु भएको छैनन् । परिणाम स्वरुप उहाँहरुलाई मण्डलीको उद्देश्य, महत्व, वा कामबारे जानकारी छैनन् । तर बाइबलले प्रष्टरुपमा मण्डली के हो भनी हामीलाई बताउँदछ । ग्रीक "एक्लेसिया" शब्दबाट अंग्रेजी "चर्च" शब्द आएको हो, जसको अर्थ "बोलाइएकाहरु" भन्ने लाग्दछ । यसकारण मण्डली भनेको बोलाइएका मानिसहरुको समुह हो, जो संसारबाट परमेश्वरको प्रिय पुत्रको राज्यमा बोलाएका हुन (कलस्सी १:१३) । यो खीष्टको आत्मिकी शरीर हो (१ कोरिन्थी १२:२७) । खीष्टको आज्ञा पालना गरेकाहरुबाट मण्डली बनेको हुन्छ (हिब्रू ५:८,९) । यसकारण तिनीहरु प्रभुद्धारा उद्धार पाएर उहाँको मण्डलीमा थपिएका हुन्छन् (मर्कूस १६:१६; प्रेरित २:४७) ।

बाइबलमा मण्डली शब्दलाई दुईवटा अर्थमा प्रस्तुत गरेको देखिन्छ । सर्वप्रथम, यसलाई विश्वव्यापी अर्थमा प्रस्तुत गरेको छ । "म तिमीलाई भन्दछु कि, तिमी पत्रुस हौ, म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरु त्यसमाथि विजय हुनेछैनन्" (मत्ती १६:१८) भनी खीष्टले

भन्नुहुँदा उहाँको मनमा मण्डलीको कुरा थियो । मण्डली शब्दलाई यस्तै विश्वव्यापी अर्थमा प्रयोग भएका अरु धेरै पदहरु छन । संसारको जुनसुकै ठाउँमा पनि मण्डली पाउनु हुँदा यदि यो बाइबलको मण्डली हो भने येशूले स्थापना गर्नेछु भन्ने मण्डली नै बुझिन्छ । दोस्रो, यसलाई स्थानीय अर्थमा पनि प्रयोग भएको छ । उदाहरणको निम्ति, पावलले रोममा भएको मण्डलीलाई पत्र लेखिरहँदा उनले विभिन्न झुण्डहरुसँग बोल्दै गर्दा यसो भन्दछ, "ख्रीष्टमा सबै मण्डलीहरुले तिमीहरुलाई अभिवादन पठाएका छन्" (रोमी १६:१६) । उनले सम्प्रदाय अर्थमा धेरै मण्डलीहरुका कुरा गरिरहेको थिएनन्, तर स्थानीय झुण्डमा रहेका प्रभुको मण्डलीहरुसित कुरा गरिरहेको थियो । थप व्याख्या गर्न, धर्मशास्त्रले कोरिन्थीमा भएको मण्डली, एफिससमा भएको मण्डली, फिलिप्पीमा भएको मण्डली इत्यादिको बारेमा उल्लेख गरेको देख्नुहुन्छ (१ कोरिन्थी १:२; एफिसी १:१; फिलिप्पी १:१) । यसले कसै-कसैलाई अलमल्याउन सक्छन् किनभने मानिसहरुले मण्डलीलाई सम्प्रदायको रुपमा हेर्ने बानी भइसकेका हुन्छन् । तर तपाईले परमेश्वरको वचनमा सम्प्रदायको बारेमा कहिल्यै पढ्न पाउनुहुन्न् । अघिका घटनामा धेरै झुण्डहरुका बारेमा तपाईले देख्नुभयो र प्रत्येक झुण्डहरु विशेष समुदायमा भएका प्रभुका मण्डलीहरु हुन्, तर यी सबै झुण्डहरुका संयुक्त रचनाबाट विश्वव्यापी मण्डली बनेके हुन्छ । कोही सम्प्रदायलाई बिर्सेर बाइबलमा फर्केर जानुहुन्छ भने प्रभुले दिनुभए अनुसारको मण्डली देख्नुहुन्छ तब यो निकै सामान्य हुन जान्छ ।

मण्डलीको अर्थलाई बुझ्नको निम्ति हामीलाई अझै थप सहायता गरेको छ । आउनुहोस्, बाइबलले मण्डलीलाई चित्रण गरेको कुरालाई महशुस गरौः-

(१) **ख्रीष्टको शरीरः** यो ख्रीष्टको आत्मिक शरीर हो, जसमा ख्रीष्ट मण्डलीको शीर हुनुहुन्छ (एफिसी ५:२३) । शरीर एउटै छ (एफिसी ४:४), र त्यो शरीर नै मण्डली हो (कलस्सी १:१८) ।

(२) **परमेश्वरको घरानाः** धर्मशास्त्रले घर शब्दलाई परिवारको प्रतिनिधित्व गर्छ, जसले मण्डली परमेश्वरको घराना हो भनी बुझ्न सहायता गर्दछ । जीवित परमेश्वरको मण्डली नै परमेश्वरको घराना हो भनी पावलले १ तिमोथी ३:१५ मा भन्दछ । परमेश्वर पिता हुनुहुन्छ र हामी उहाँका सन्तानहरु हौं (गलाती ३:२६,२७; एफिसी १:३) ।

(३) **परमेश्वरको राज्यः** राज्य हुनको निम्ति राजाको आवश्यकता पर्दछ । ख्रीष्ट राजा हुनुहुन्छ (प्रकाश १७:१४) । राजा हुनको निम्ति राज्यको अस्तित्व हुनुपर्छ, र राज्य अस्तित्वमा छ (प्रेरित ८:१२) । हामी उहाँका प्रजा/नागरिक हौं । संसार यसको राज्य क्षेत्र हो । नयाँ नियम यसको कानुन हो । यो नै मण्डली हो (मत्ती १६:१८,१९) ।

(४) **परमप्रभुको दाखबारीः** ख्रीष्ट दाखको बोट हुनुहुन्छ र प्रत्येक ख्रीष्टियानहरु हाँगाहरु हुन् (यूहन्ना १५:१-८) । यहाँ दाखबारीमा काम गर्नु र प्रभुको निम्ति फल फलाउने विचारलाई प्रस्तुत गरेको छ ।

यसरी मण्डलीलाई परिभाषित गरेको छ । कृपया यी विषयहरुलाई धर्मशास्त्रका पदहरुसित अध्ययन गर्नुहोस् । तपाईले मण्डलीलाई परमेश्वरले चिताउनु भए बमोजिम देख्नुहुन्छ भने, सायद तपाईको सम्पूर्ण स्वभाव र जीवन परिवर्तन हुनेछ ।

**बाइबलका आधारभूत तथ्यहरुः**

(१) बाइबलले मण्डलीको बारेमा वर्णन गर्दछ ।
(२) ख्रीष्टले आफ्नो मण्डली स्थापना गर्नेछु भनी भन्नुभयो, जसको अर्थ उहाँको एउटै मण्डली भन्ने बुझिन्छ ।
(३) बाइबलमा "परमेश्वरको मण्डली", "ख्रीष्टको मण्डली" र "परमेश्वरको घराना" ले एउटै सत्य मण्डलीलाई फरक तरीकाले व्याख्यामात्र गरेको देखिन्छ ।
(४) सम्प्रदायहरुलाई परमेश्वरले अधिकार र अनुमोदन दिनुभएको छैनन् ।
(५) ख्रीष्टको मण्डलीका प्रत्येक सदस्यहरु परमेश्वरको परिवारका सदस्यहरु हुन् ।
(६) मण्डली ख्रीष्टको शरीर हो । यो ख्रीष्टको आत्मिक शरीर हो ।
(७) मण्डलीको शीर ख्रीष्ट हुनुहुन्छ । उहाँ राजा हुनुहुन्छ र उहाँमा सबै अधिकार छन् ।
(८) यदि तपाई परमेश्वरका सन्तान हुनुहुन्छ भने परमेश्वरमा उद्धार पाएकाहरुका परिवारको हिस्सा पनि हुनुहुन्छ ।

## प्रश्नहरु

**कृपया सही या गलत छुट्याउनुहोस् ।**

(१) बाइबलले मण्डलीको बारेमा कुरा गर्दछ ।.................
(२) मण्डली क्याथोलिक हो ।................
(३) बहुसंख्यक मानिसहरुले मण्डलीलाई बुझेका छन् ।.............
(४) बाइबलमा मण्डली शब्द केवल एउटै अर्थमा मात्र प्रयोग भएको छ ।..........
(५) ख्रीष्टले आफ्ना मण्डलीहरु स्थापना गर्नेछु भनी भन्नुभयो ।..........
(६) एशियामा भएका सात वटा मण्डलीहरुले सात वटा फरक सम्प्रदायहरुलाई प्रतिनिधित्व गर्छन् ।................
(७) मण्डली ख्रीष्टको शरीर हो ।....................
(८) शरीर एउटै छ ।......................
(९) मण्डलीको शीर ख्रीष्ट हुनुहुन्छ ।...................
(१०) राज्य आउन अझै बाँकी छ ।......................

## कृपया सही जवाफ दिनुहोस् ।

(१) मण्डली के होइन् भन्ने बारे सूची बनाउनुहोस् ।
(२) कुन ग्रीक शब्दबाट चर्च शब्द आएको छ?
(३) मण्डली केद्धारा बनेको हुन्छ?
(४) मण्डली शब्दको निम्ति प्रयोग भएका दुईवटा अर्थहरु के के हुन्?
(५) आफ्नो मण्डली स्थापित गर्नेछु भनी कसले भन्नु भएको थियो?
(६) उहाँले कतिवटा मण्डली स्थापना गर्नुभयो?
(७) एशियामा भएका सात वटा मण्डलीहरु के थिए?
(८) कति वटा शरीरहरु छन्?
(९) राजाहरुका राजा को हुनुहुन्छ?
(१०) परमप्रभुको दाखबारीमा हामीले के गर्नुपर्छ?

## कृपया संक्षिप्त परिभाषा दिनुहोस् ।

(१) एक्लेसिया
(२) ख्रीष्टको शरीर
(३) परमेश्वरको घराना
(४) परमेश्वरको राज्य
(५) परमप्रभुको दाखबारी
(६) ख्रीष्टियान

✝

पाठ-दुई

# मण्डलीको आगमन

## The Coming of the Church

एकै रातमा मण्डली अस्तित्वमा आएको होइन् । परमेश्वरले मण्डलीको योजना गर्नु भएको थियो । अगमवक्ताहरुले अगमवाणी गरे । यसलाई प्रतिज्ञा गरियो र अन्तमा स्थापना भयो । यी सबै कुरा बाइबलमा प्रष्टरुपमा उल्लेख गरेका छन् ।

सर्वप्रथम, परमेश्वरको मनमा मण्डली थियो । एफिससमा भएका सन्तहरुलाई पावलले मण्डलीबारे घोषणा गर्दछ । पावल भन्दछ, "हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरुमा हरेक आत्मिक आशिष्ले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ । उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पतिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो । उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्धारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्" (एफिसी १:३-६) । कृपया नोट गर्नुहोस् कि पावलले एफिससमा भएको मण्डलीसँग कुरा गरिरहेको छ । उनी भन्दछ कि संसारको उत्पतिभन्दा अघि नै परमेश्वरले तिनीहरुलाई चुन्नुभएको थियो । संसारको सृष्टि हुनुभन्दा अघि परमेश्वर मण्डली बारे सोचिरहनु भएको थियो भन्ने यसको अर्थ लाग्छ । त्यहि समय देखि नै परमेश्वरले योजना बनाइरहनु भएको थियो । परमेश्वरको मनबाट मण्डलीको उत्पन्न भएको हो । त्यसो भए परमेश्वरले शुरुदेखि योजना गर्नुभएको कुरा कसरी हाँसोउठ्दो र विश्वास नगर्ने हुन सक्छ । "ख्रीष्टको अगम्य सम्पति" को बारेमा पावलले एफिसी ३:८ मा भन्दछ जुन माथि उल्लेख गरेको "हरेक आत्मिक आशिष" हो । "ताकि यसरी मण्डलीद्धारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरुमा शासकहरु र अख्तिारवालाहरुका

माझमा प्रकट गरिओस् । यो चाहिँ ख्रीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्य अनुसार थियो" भनी उनले १०-११ पदहरुमा बताउँदछ । "हाम्रा प्रभु ख्रीष्टद्वारा मुक्ति" हुने कुरा "परमेश्वरको अनन्त उद्देश्य" अन्तर्गत थियो भनी बाइबलले प्रष्टसँग बताउँदछ । यसमा मण्डली पनि समावेश छ, जसलाई परमेश्वरको विभिन्न ज्ञान सबै मानिसहरुमाझ घोषणा गर्ने जिम्मेवारी दिनु भएको छ । "अनुग्रह र सत्यता" जसले हामीलाई मुक्तितर्फ डोऱ्याउँछ, जुन येशू ख्रीष्टद्वारा भएर स्वर्गबाट पृथ्वीमा आयो (यूहन्ना १:१४) । आज मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान प्रकट भएको छ । ख्रीष्टियानहरुले मुक्तिको सु-सन्देश सबैलाई प्रचार गर्नु परमेश्वरको अनन्त उद्देश्यको योजना थियो (लूका २४:४५-४७; मर्कूस १६:१५,१६; मत्ती २८:१८-२०) ।

दोस्रो, धर्मशास्त्रका असंख्य वचनहरुमा मण्डलीबारे भविष्यवाणी गरेको थियो । यशैया अगमवक्ता भन्दछ, "पछिल्ला दिनमा परमप्रभुको मन्दिर बसालिएको पर्वत सबै पर्वतहरुभन्दा मुख्य रुपमा स्थापना हुनेछ । डाँडाहरुभन्दामाथि त्यो उच्च उठाइनेछ, र सबै जातिहरु त्यही ओइरिएर आउनेछन् । धेरै मानिसहरुले आएर भन्नेछन्, 'आओ, हामी परमप्रभुको पर्वत, याकूबका परमेश्वरको भवनमा जाऔं । उहाँले हामीलाई आफ्नो मार्ग सिकाउनुहुनेछ, ताकि हामी उहाँको बाटोमा हिड्न सकौं" (यशैया २:२,३) । योएल अगमवक्ता भन्दछ, "त्यसपछि म मेरा आत्मा सबै मानिसहरुमाथि खन्याउनेछु । तिमीहरुका छोराछोरीहरुले अगमवाणी बोल्ने छन् । तिमीहरुका बूढा मानिसहरु स्वप्नदर्शी हुनेछन् र तिमीहरुका युवकहरुले दर्शन देख्नेछन् । ती दिनमा मेरा सेवकहरु पुरुष र स्त्रीहरु दुवै माथि म आफ्ना आत्मा खन्याउनेछु" (योएल २:२८-२९) । त्यसपछि दानिएलले औंल्याउँदै भन्दछ, "यी राजाहरुको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खडा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, नता यसको सार्वभौमिकता अरु कुनै जातिको हातमा दिइनेछ । यसले यी सबै राज्यहरुलाई चकनाचुर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ" (दानिएल २:४४) । आउनुहोस्, अब निष्कर्षमा जाऔं:

(१) यी अगमवाणीहरु **भविष्यको कुनै समयमा पूरा हुन लागेका छन्** ।

(२) "स्वर्गीय पिताले एउटा राज्य खडा गर्नुहुनेछ," एउटा नयाँ "व्यवस्था" र

"याकूबका परमेश्‍वरको घर" र "प्रभुको घर" को स्थापना **"आखिरी दिनहरु मा" हुनेछन् ।**

(३) **"सबै जातिहरु त्यहाँ ओइरिएर आउनेछन् ।"**
मोशाको व्यवस्था इस्राएलीहरुलाई मात्र दिइएको थियो । सबै जातिहरु उनका सन्तानद्धारा आशिष हुनेछन् भनी परमेश्‍वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभयो (उत्पति १२:३) । सुसमाचार सबै जातिहरुका निम्ति हो, र मण्डली सबै मानिसहरुद्धारा बनेको हुन्छ । परमेश्‍वरले अब्राहामलाई गर्नुभएको प्रतिज्ञा पूरा हुनु नै मण्डलीको आगमन हुनु हो । मण्डली स्थापना भएपछि मोशाको व्यवस्थाको अधिकारको अन्त्य भयो (कलस्सी २:१३-१४; रोमी ७:४-६) ।

(४) **प्रभुले आफ्नो आत्मा सबै मानिसहरुमाथि खन्याउनुहुनेछ ।**
यो भविष्यवाणी पेन्तिकोसको दिन यरुशलेममा इ.सं. ३३ मा पूरा भयो भनी पत्रुस भन्दछ (प्रेरित २:१६-२१) । "आखिरी दिनहरु" त्यही दिनबाट शुरु भयो ।

(५) **चौथो संसारिक साम्राज्यका दिनहरुमा यसको स्थापना हुनेछ ।**
चार महान संसारिक साम्राज्यहरुबारे दानिएलको पुस्तक २,७,८ अध्यायहरुमा करिब ६०० इ.पू. मा अगमवाणी गरेको थियो । पहिलो साम्राज्य बेबिलोन, दोस्रो मादी-फारस, तेस्रो ग्रीस र चौथो रोम थियो । रोमी साम्राज्यको समयमा मण्डली (इ.सं. ३३) स्थापना भयो । यो अगमवाणी ६००-६५० वर्षको अन्तरालमा पूरा भएको थियो ।

(६) **अरु राज्यहरुलाई चकनाचुर पार्दै यो राज्य सदासर्वदै खडा हुनेछ ।**
सबै संसारिक राज्यहरु र सम्राटहरु केही समयसम्म खडा भए । पछि नष्ट भएर गए वा अरुको हातमा सुम्पिइयो । मण्डली परमेश्‍वरको आत्मिक राज्य हो, जो कहिल्यै नष्ट हुनेछैन । "नरकका ढोकाहरु त्यसमाथि विजय हुनेछैनन्" भनी येशूले भन्नुभएको थियो (मत्ती १६:१८) ।

(७) **मण्डली (परमप्रभुको घर), नयाँ व्यवस्था र प्रभुको वचन सियोनबाट शुरु हुनेछ ।** सियोन नामले सामान्यरुपमा यरुशलेमको वर्णन गर्दछ । अब, यी सबै कहिले र कहाँ पुरा भयो? प्रेरित २ अध्यायमा इ.सं. ३३,

यरुशलेममा पूरा भयो ।

तेस्रो, मण्डलीबारे <u>प्रतिज्ञा</u> गरिएको थियो । स्वर्गको राज्य नजिक आएको छ भनी बप्तिस्मा दिने यूहन्नाले प्रचार गरे (मत्ती ३:२) । यो नजिकै छ र छिट्टै स्थापना हुनेछ । खीष्टले प्रतिज्ञा गर्नुभयो, "म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ । म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरु त्यसमाथि विजयी हुनेछैनन्" (मत्ती १६:१८) । मर्कूस ९:१ मा येशूले भन्नुभयो, "साँच्चै, म तिमीलाई भन्दछु, यहाँ उभिएकाहरुमध्ये कोही-कोही छन्, जसले परमेश्‍वरको राज्य शक्तिमा आएको नदेखुञ्जेल कुनै किसिमले मृत्यु चाख्नेछैनन् ।" प्रेरित २ अध्यायमा मण्डली स्थापना हुँदा मर्कूस ९ अध्यायमा येशूको वचन सुन्नेहरुमध्ये धेरैजना यरुशलेममा उपस्थित थिए । "त्यसपछि येशूले तिनीहरुलाई भन्नुभयो, यसो लेखिएको छ, कि खीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, अनि यरुशलेमबाट शुरु गरेर सबै जातिहरुलाई उहाँको नाउँमा पश्‍चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ । तिमीहरु यी नै कुराको साक्षी हौ । हेर, म मेरो पिताको प्रतिज्ञा तिमीहरुकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुन्जेल तिमीहरु यही शहरमा बसिरहो" (लूका २४:४६-४९) ।

**<u>अब, यी तथ्यहरुलाई अवलोकन गर्नुहोस्:</u>**

(१) राज्य नजिकै थियो । मण्डली छिट्टै स्थापना हुँदैछ ।
(२) मृत्युको बाबजुट पनि खीष्टले मण्डली स्थापना गर्ने प्रतिज्ञा गर्नुभयो ।
(३) राज्य स्थापना हुँदा खीष्टसँग त्यस समयमा हुनेहरु अझै पनि जीवित थिए ।
(४) मण्डली शक्तिसित आउनेछ ।
(५) उहाँको नाउँमा सारा जातिहरुलाई पश्‍चात्ताप र पाप क्षमाको प्रचार हुनेछ ।
(६) आखिरी दिनहरु वा ती दिनहरुका शुरुवाट प्रेरित २ अध्यायबाट भएको छ । यो यरुशलेमबाट हुनेछ ।
(७) माथिबाट उच्च शक्तिले नढाकुञ्जेलसम्म प्रेरितहरु यरुशलेममा पर्खेर बस्ने छन् । "म मेरो आत्मा ती दिनमा खन्याउनेछु" भन्ने योएल अगमवक्ताको वचन पूरा भयो ।

अन्तत, हामी मण्डली स्थापनामा आउँदा कृपया यी सबै बूदाँहरुलाई मनमा राख्नुहोस् । यी सबै कुराहरु पूरा भएको तपाईले देख्नुहुन्छ ।

अब, प्रेरित २ अध्यायलाई पल्टाउनुहोस् । यसलाई होशियारकासाथ निरन्तर अध्ययन गर्नुहोस् । त्यही समयमा मण्डली स्थापना भएको कुरा धेरै बाइबलका विद्धानहरुले स्वीकार गर्दछन् । यसबाहेक, स्थान- यरुशलेम थियो, समय- आखिरी दिनहरु थिए, रोमी साम्राज्यको राजाहरुका समय थियो, पवित्र आत्माको शक्ति आए पश्चात पश्चात्ताप र पाप क्षमाको प्रचार सबै जातिहरुमा गरियो, र त्यही समयदेखि मण्डली अस्तित्वमा रहेको छ । यसरी परमेश्वरको मनमा भएको मण्डली स्थापना हुनुको साथै यो सँग सम्वन्धित सबै भविष्यवाणीहरु पूरा हुँदै यसका प्रतिज्ञाहरु कायमै रहे ।

याद गर्नुहोस्, परमेश्वरको अनन्त उद्देश्य अर्न्तगत येशू ख्रीष्ट र उहाँको मण्डली स्थापना पनि पर्दछन् । स्वर्गको राज्य, परमेश्वरको राज्य र आफ्ना प्रिय पुत्रको राज्य एउटै हो । परमेश्वरको मण्डली र ख्रीष्टको मण्डली भन्नु एउटै कुरा हो । परमेश्वरको आत्मिक राज्य नै ख्रीष्टको मण्डली हो ।

के तपाई परमेश्वरको राज्यको नागरिक हुनुहुन्छ? नयाँ नियमको एउटै मण्डलीको ख्रीष्टियान हुनुभएको कारणले के तपाईसँग सबै आत्मिकी आशिषहरु छन्? के तपाई नम्र र क्रियाशिल सेवक हुनुहुन्छ, जसले राज्यको निम्ति फल फलाउनुहुन्छ?

## प्रश्नहरु

**कृपया सही जवाफ दिनुहोस् ।**

(१) सर्वप्रथम मण्डलीको अस्तित्व कहाँ र कहिले भएको थियो?
(२) परमेश्वरले मण्डलीलाई कहिले चुन्नुभयो?
(३) राज्यको आगमनबारे भविष्यवाणी गर्ने तीन जना अगमवक्ताहरुका नाम भन्नुहोस् ।
(४) कति लामो समयसम्म राज्य अस्तित्वमा आउनेछ?
(५) कसले मण्डली स्थापित गर्नेछु भनी प्रतिज्ञा गर्नुभयो?
(६) उहाँले कसको मण्डली स्थापना गर्नेछु भनी भन्नुभयो?

(७) उहाँले कतिवटा मण्डली खडा गर्नेछु भनी भन्नुभयो?
(८) राज्य के सित आउनेछ?
(९) यरुशलेममा के प्रचार हुनेछ?
(१०) मण्डली स्थापनाको बारेमा हामी कहाँ पढ्न पाउँछौं?
(११) परमेश्वरको महान बुद्धि हरेक मानिसलाई प्रचार गर्ने कर्तव्य कसको हो?

**कृपया सही वा गलत लेख्नुहोस् ।**

(१) सबै भन्दा पहिला मण्डलीको योजना गर्नुभयो, अगमवक्ताहरुद्धारा भविष्यवाणी गरियो अनि प्रतिज्ञासाथ स्थापना भयो ।............
(२) मण्डलीको शुरुवाट परमेश्वरको मनबाट भएको थियो ।........
(३) स्वर्गको राज्य नजिकै छ भनी यूहन्नाले भनेको थियो ।........
(४) राज्य शक्तिसाथ आउनेछ ।.........
(५) सारा जातिहरुलाई उहाँको नाँउमा पश्चात्ताप र पाप क्षमाको प्रचार हुनेछ ।................
(६) मण्डली यरुशलेमबाट शुरुवात हुनेछ ।..........
(७) प्रेरित २ अध्यायले मण्डली स्थापनाबारे बताउँदछ ।........
(८) यो रोमी साम्राज्यको राजाहरुको समयमा थियो ।............
(९) हामीहरु पछिल्ला दिन अथवा आखिरी दिनहरुमा बाँचिरहेका छौ ।..........
(१०) प्रतिज्ञाहरु र भविष्यवाणीहरु पूरा भए ।........

✝



**मण्डलीको आगमण**

**(१) परमेश्वरले योजना गर्नुभयो ।**
**(२) भविष्यवक्ताहरूद्धारा अगमवाणी गर्नुभयो ।**
**(३) बप्तिस्मा दिने युहन्नाद्धारा तयारी गर्नुभयो ।**
**(४) येशू ख्रीष्टले प्रतिज्ञा गर्नुभयो ।**
**(५) पेन्तिकोसको दिनमा स्थापना भयो ।**

पाठ-तीन

# मण्डलीको स्थापना

## The establishment of the Church

हामीले पाठ दुईमा यशैया २:२,३; योएल २:२८,२९; र दानिएल २:४४ लाई नियाल्यौ कि पवित्र आत्माको आगमनमा प्रभुको राज्य आखिरी दिनहरुमा स्थापना हुनेछ, यरुशलेममा सबै जातिहरु ओइरिएर आउनेछन्, जुन सदाकालको निम्ति खडा हुनेछन् । मत्ती १६:१८; मर्कूस ९:१; र लूका २४:४६-४९ मा ख्रीष्टले आफ्नो मण्डली स्थापित गर्नेछु भनी प्रतिज्ञा गर्नुभयो, जुन शक्तिका साथ आउनेछ, र सबै जातिहरुलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनेछन् । अब, हामी प्रेरितको पुस्तक २ अध्यायलाई हेरौं जहाँ सबै अगमवाणीहरु पूरा भएर प्रतिज्ञाहरु कायमै भएको देख्छौं ।

हामीले प्रेरितको पुस्तक २ अध्यायलाई पढ्दा प्रेरितहरु त्यो समय यरुशलेम शहरमै बसिरहेका पाउँछौः "जब पेन्तिकोसको दिन आयो, तिनीहरु सबै एकै ठाउँमा भेला भएका थिए । अनि स्वर्गबाट अचानक ठुलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरु बसेको पूरा घरै भरिदियो । आगोको जिब्राहरुजस्ता तिनीहरुकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरु हरेकमाथि बसे । अनि तिनीहरु सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरुलाई दिनुभएको उच्चरणबमोजिम तिनीहरु अन्य भाषाहरुमा बोल्न लागे । स्वर्गमुनि भएको हरेक देशबाट ईश्वरभक्त यहूदीहरु त्यस बेला यरुशलेममा आएका थिए । तब यो आवाज सुनेर भीड जम्मा भयो । तिनीहरु आश्चर्यचकित भए, किनकि हरेकले आफ्नो-आफ्नो भाषामा तिनीहरु बोलिरहेका सुन्यो" (प्रेरित २:१-६) ।

धेरै राष्ट्रहरुले प्रतिनिधित्व गरेका थिए भनेर अभिलेखले बताउँछ, "तिनीहरु सबै आश्चर्यचकित भए र अन्योलमा परेर एउटाले अर्कालाई यसो भन्न लागे, यसको अर्थ के हो? तर अरुहरुले हाँसो गरेर भने, तिनीहरु नयाँ मद्यले मातेका छन् । तर पत्रुसले एघार जनासँग खडा भएर उच्च सोरमा तिनीहरुलाई भने, यहूदियाका मानिस हो, र यरुशलेमका जम्मै

बासिन्दाहरु, तपाईहरुलाई यो कुरा थाहा होस्, र मेरा कुरा सुन्नुहोस् । किनभने तपाईहरुले ठान्नुभएझैं यिनीहरु मातेका छैनन्, किनकि अहिले बिहानको नौ मात्र बजेको छ । तर योएल अगमवक्ताद्धारा भनिएको कुरा यही हो: आखिरी दिनहरुमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरुमाथि मेरा आत्मा खन्याइदिनेछु, र तिमीहरुका छोराहरु, र तिमीहरुका छोरीहरुले अगमवाणी बोल्नेछन्, र तिमीहरुका युवकहरुले दर्शन देख्नेछन्, र तिमीहरुका बूढापाकाहरु स्वप्नदर्शी हुनेछन्...अनि जसले परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार पाउनेछ" (प्रेरित २:१२-१७,२१) ।

यहाँ घटिरहेका सबै कुराहरुमा पुरानो करारका भविष्यवाणीहरु पूरा भइरहेका थिए भन्ने कुरा देखाइसकेपछि पत्रुसले आफ्नो प्रवचन शुरु गर्न थाल्छ । उनले देखाउँदछ कि कसरी परमेश्वरले अचम्मका कामहरु र चिन्हहरुद्धारा येशूलाई प्रमाणित गर्नुभयो जुन परमेश्वरले तिनीहरुका बीचमा उहाँद्धारा यी कामहरु गर्नुभयो । त्यसपछि कसरी उहाँलाई पक्रेर न्याय परिषद्मा सुम्पिदियो र अधर्मी मानिसहरुका हातद्धारा क्रूसमा टाँगेर मार्नुभयो भनी उनी भन्दछ । कसरी परमेश्वरले उहाँलाई मृत्युबाट बौरी उठाउनुभयो, मृत्युको पीडाबाट छुटकारा दिएर जीवित पार्नुभयो भनी उनी भन्दछ । खीष्ट जीउनुभयो, मृत्युभई गाडिनुभयो, पुनरुत्थान हुनुभयो र त्यसपछि स्वर्गीय सिंहासनको परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नको निम्ति स्वर्गारोहण हुनभयो भनी आफ्ना स्रोताहरुलाई विश्वस्त पार्न उनले दाऊदका भनाइहरुलाई उल्लेख गरेर देखाउँछ ।

उनले निरन्तरता दिदै भन्दछ, "यिनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो । यस कुराका हामी सबै साक्षी छौं । यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो खन्याइदिनुभएको हो, जो तपाईहरु देख्नु र सुन्नुहुन्छ । किनकि दाऊद त स्वर्गमा चढेनन्, तर उनी आफै भन्दछ: परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरुलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ । त्यसै कारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईहरुले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र खीष्ट बनाउनुभयो । यो कुरा सुनेर तिनीहरुको हृदय छियाछिया भयो, अनि पत्रुस र अरु प्रेरितहरुलाई तिनीहरुले भने, ए भाइ हो, हामीले के गर्ने?

पत्रुसले तिनीहरुलाई भने, पश्चात्ताप गर, र तिमीहरुका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ । किनकि प्रतिज्ञा तिमीहरुका निम्ति, तिमीहरुका सन्तानको निम्ति र टाढा-ताढामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ । अरु धेरै कुराहरुद्धारा उनले तिनीहरुलाई गवाही दिए, र यसो भनेर अर्ती दिए, यस दुष्ट पुस्ताबाट तिमीहरुले आफैलाई बचाओ । तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरुले बप्तिस्मा लिए, र त्यसै दिन प्रायः तीन हजार मानिसहरु तिनीहरुको संख्यामा थपिए 'उद्धार पाउनेहरुलाई प्रभुले दिनदिनै तिनीहरुको संख्यामा थपिदिनुहुन्थ्यो" (प्रेरित २:३२-४१, ४७) ।

माथि उल्लेखित धर्मशास्त्रका अनुच्छेदहरुमा तपाईले प्रभुको मण्डली स्थापना भएको देख्नुहुन्छ । यी सबै घटनाहरु तपाईले यरुशलेममा घटेको देख्नुभयो । पवित्र आत्माको शक्ति प्रेरितहरुमा खन्याइयो । "योएल अगमवक्ताद्धारा भनिएको कुरा यही हो" भनी पत्रुसले किटान गरी भन्दछ (प्रेरित २:१६), यसकारण यसबारे कुनै शंका छैनन् । यसबाहेक, यी कुराहरु आखिरी दिनहरुमा हुनेछन् भनी अगमवक्ताहरुले भनेका हुनाले, र अगमवक्ताले भनेको कुरा यही हो भनी पत्रुसले पुष्टि गरेको कारणले आखिरी दिनहरुमा मण्डलीको स्थापना भयो । त्यो दिनमा सबै राष्ट्रका मानिसहरु उपस्थित थिए, पश्चात्ताप र पाप क्षमाको प्रचार भयो, र करिब ३,००० मानिसहरु आज्ञाकारी भई, उद्धार पाएर मण्डलीमा थपिए । यसकारण, ख्रीष्टले यरुशलेममा, इ.सं. ३३ मा मण्डली स्थापना गर्नुभयो र मण्डली त्यही समयदेखि अस्तित्वमा छ ।

## प्रश्नहरु

**कृपया यो भनाइ कसले भनेको हो, सो बताउनुहोस् ।**

(१) म मेरो मण्डली स्थापित गर्नेछु भनी कसले भन्नुभएको थियो?

(२) "आखिरी दिनहरुमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरुमाथि मेरा आत्मा खन्याइदिनेछु" भनी कसले भविष्यवाणी गरेको थियो?

(३) "परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो तिमी मेरो दाहिने हातपट्टि बस" भनी कसले भनेको थियो?

(४) "पश्चात्ताप गर र तिमीहरु प्रत्येकले तिमीहरुका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाममा बप्तिस्मा लिनु" भनी कसले भनेको थियो?
(५) "यस दुष्ट पुस्ताबाट तिमीहरु आफैले आफैलाई बचाओ" भनी कसले भनेको थियो?

**कृपया यी प्रश्नहरुका जवाफ दिनुहोस् ।**

(१) कहिले परमप्रभुको राज्य स्थापित हुनेछ?
(२) कुन शहरमा मण्डली स्थापना हुनेछ?
(३) मण्डली के सित आउनेछ?
(४) कति लामो समयसम्म मण्डली रहनेछ?
(५) कति जना मानिसहरु आउनेछन्?
(६) कसले पवित्र आत्मा पाए?
(७) उहाँको उपस्थितका चिन्हहरु के थिए?
(८) ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी पत्रुसले मानिसहरुलाई कसरी विश्वस्त पारे?
(९) मानिसहरुले कुन प्रश्न सोधे र उत्तर के दिइयो?
(१०) उद्धार पाएकाहरुलाई कसले मण्डलीमा थप्नुभयो?
(११) पश्चात्ताप के हो?
(१२) बप्तिस्माको उद्देश्य के हो?
(१३) अघिका ख्रीष्टियानहरुले एक-अर्कालाई कस्तो व्यवहार गर्थे?

**परिभाषा दिनुहोस् ।**

(१) मण्डली
(२) अगमवाणी
(३) पेन्तिकोस
(४) पश्चात्ताप
(५) बप्तिस्मा

✝

"पछिल्ला दिनमा परमप्रभुको मन्दिर बसालिएको पर्वत सबै पर्वतहरुभन्दा मुख्य रुपमा स्थापना हुनेछ । डाँडाहरुभन्दामाथि त्यो उच्च उठाइने छ, र सबै जातिहरु त्यही ओइरिएर आउनेछन् । धेरै मानिसहरुले आएर भन्नेछन्, 'आओ, हामी परमप्रभुको पर्वत, याकूबका परमेश्वरको भवनमा जाऔं । उहाँले हामीलाई आफ्नो मार्ग सिकाउनुहुनेछ, ताकि हामी उहाँको बाटोमा हिड्न सकौं" (यशैया २:२,३)

## पाठ-चार

# मण्डलीको पहिचान

## Identity of the Church

लामो समयदेखि हराउनु भएको साथीलाई तपाईले कसरी खोज्नुहुन्छ? स्वभाविकरुपमा तपाईले अवश्य नै उनलाई पहिचान गराउने चिन्हहरु संकलन गर्नुहुनेछ र त्यसपछि खोज्ने कार्य शुरु गर्नुहुन्छ । साथीको सबै पहिचानका चिन्हहरु मिलेपछि मात्र तपाईले खोज्नुभएको व्यक्ति त्यही नै हो भनी स्वीकार गर्नुहुन्छ । त्यसरी नै, संसारमा धेरै मण्डलीहरु छन् । कुन चाहिँ मण्डली सत्य र वास्तविक हो भनी कसरी थाहा पाउन सकिन्छ? कुन चाहिँ खीष्टको मण्डली, बाइबलको मण्डली हो भनेर थाहा पाउन सकिन्छ? तपाईले खीष्टको मण्डलीलाई पहिचान गराउने सबै चिन्हहरु संकलन गर्नुपर्छ र विविध मण्डलीहरुलाई तिनीहरुसित तुलना गर्नुपर्छ । हरेक पहिचानका चिन्हहरु मिलेपछि मात्र तपाईले खोज्नुभएको मण्डली सही हो भनी सुनिश्चित हुनुहोस् । तर पहिचानका चिन्हहरु के-के हुन्? तिनीहरु कहाँ पाउँछौ? बाइबल नै सही जवाफ हुन्छ ।

(१) **खीष्टले मण्डली स्थापना गर्नुभयो ।** "म तिमीलाई भन्दछु, तिमी पत्रुस हौ, म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरु त्यसमाथि विजय हुनेछैनन्" (मत्ती १६:१८) ।

(२) **मण्डलीको शुरुवाट यरुशलेमबाट भयो ।** यसलाई लूका २४:४५-४९ र प्रेरित २:५ मा हेर्न सक्छौं ।

(३) **मण्डली इ.सं. ३३ मा स्थापना भएको थियो ।** यो तथ्य प्रेरित २ अध्यायमा आधारित छ । पेन्तिकोसको दिनमा मण्डली स्थापना भयो ।

(४) **मण्डलीले खीष्टको नाउँ अंगाल्दछ ।** धेरै झुण्डहरुसित बोल्दै पावल लेख्दछ, "खीष्टमा सबै मण्डलीहरुले तिमीहरुलाई अभिवादन पठाएका छन्" (रोमी १६:१६) । कोरिन्थीमा भएको मण्डलीसित कुरा गर्दै उनी

थप भन्दछ, "तिमीहरु ख्रीष्टका शरीर हौ, र हरेक त्यसका अङ्गहरु हौ" (१ कोरिन्थी १२:२७) । तर शरीर के हो? शरीर मण्डली हो (एफिसी १:२२,२३) ।

(५) **मण्डलीका सदस्यहरुलाई ख्रीष्टियान भनियो ।** चेलाहरुलाई पहिलो पल्ट एन्टिओखियामा नै ख्रीष्टियान भनिए (प्रेरित ११:२६) । "अग्रिपासले पावललाई भने, के थोरै समयमा तिमी मलाई ख्रीष्टियान बनाउन माग्छौ" (प्रेरित २६:२८) । "यदि कसैले ख्रीष्टियान भएको कारण दु:ख भोग्दछ भनेता उसले लाज नमानोस्, तर त्यहीं नाउँमा उसले परमेश्वरलाई महिमा देओस्" (१ पत्रुस ४:१६) । अन्तमा स्मरण होस्, "अरु कसैमा मुक्ति छैन्, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन" (प्रेरित ४:१२) ।

(६) **मण्डलीको शिर ख्रीष्ट हुनुहुन्छ ।** "उहाँ शरीर, अर्थात मण्डलीको शिर हुनुहुन्छ, उहाँ नै शुरु हुनुहुन्छ, मरेकाहरुबाट जीवित हुनेहरुमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होउन्" (कलस्सी १:१८) ।

(७) **मण्डली एउटै छ ।** "शरीर एउटै छ, पवित्र आत्मा एउटै हुनुहुन्छ- जसरी तिमीहरु बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरुको बोलावटसँग गाभिएको छ" (एफिसी ४:४) । तर शरीर के हो? यो मण्डली हो (कलस्सी १:१८) । यसकारण शरीर एउटै छ र यो मण्डली हो । त्यसो भए मण्डली पनि एउटै छ ।

(८) **मण्डलीमा प्रवेश गर्ने सर्तहरु छन् ।** यसमा विश्वास (हिब्रू ११:६), पश्चात्ताप (प्रेरित १७:३०), विश्वासको स्वीकार (रोमी १०:९,१०), र बप्तिस्मा (मर्कूस १६:१६) समावेश छन् । जब कसैको उद्धार हुन्छ भने त्यो मण्डलीमा थपिन्छ (प्रेरित २:४७) । रोमी ६:३,४; गलाती ३:२६,२७; र १ कोरिन्थी १२:१३ ले पनि सिकाउँदछ कि कोही ख्रीष्टमा बप्तिस्मा हुन्छन् भने तिनीहरु उहाँको मण्डलीमा हुन्छन् । यी आज्ञाहरुलाई पालना गरे पछि कोही उहाँको राज्य वा मण्डलीमा जन्मिन्छन् (यूहन्ना ३:३-५) ।

(९) **मण्डलीको आराधना विशिष्ट छ ।** ख्रीष्टियानहरु प्रत्येक हप्ताको पहिलो दिन (प्रेरित २०:७), भजन गाउन (एफिसी ५:१९), प्रार्थना

गर्न (प्रेरित २:४२), धर्मशास्त्र अध्ययन गर्न (२ तिमोथी २:१५), प्रभुभोजमा सहभागी हुन (१ कोरिन्थी ११) र भेटी संकलन गर्न (१ कोरिन्थी १६:२) भेला हुन्छन् ।

(१०) **मण्डलीको शिक्षा केवल बाइबलमा मात्र आधारित छन् ।** मण्डलीले थपघट नगरेको वा प्रतिस्थापित नगरेको कुरालाई मात्र स्वीकार गर्दछ (प्रकाश २२:१८,१९; गलाती १:६-११) । मण्डलीको एउटै धर्मसार बाइबल हो । यसले थप पुस्तकहरु वा अरु धर्मसारहरुलाई इन्कार गर्दछ ।

(११) **मण्डलीको संगठन परमेश्वरको योजना अनुसार हुन्छ ।** खीष्ट मण्डलीको शिर हुनुहुन्छ (एफिसी ५:२३) र प्रत्येक झुण्डहरुमा आफ्नै एल्डरहरु र डिकनहरु हुन्छन् (१ तिमोथी ३; तीतस १) । प्रभुको मण्डलीमा संसारिक प्रमुख वा मूख्यालय हुँदैन् न ता मानिसले बनाएका कुनै राष्ट्रिय वा अन्तराष्ट्रिय परिषदहरु हुन्छन् ।

(१२) **मण्डलीको विशेष तीन वटा कामहरु छन ।** यसको कार्य सुसमाचार प्रचार गर्नु (मर्कूस १६:१५,१६), आवश्यक परेका जनहरुलाई सहायता गर्नु (गलाती ६; याकूब २), र सदस्यहरुलाई आत्मिक सुदृढ गर्नु हो (हिब्रू ३:१२-१४) ।

(१३) **प्रत्येक जनहरुले विश्वासयोग्य खीष्टियान जीवन जीउनुपर्छ ।** हामीले संसारलाई प्रेम गर्न सक्दैनौ (१ यूहन्ना २:१५; याकूब ४:४), तर पवित्र आत्माको फल फलाउँछौं (गलाती ५:२२,२३) । केवल विश्वासयोग्यहरुले मात्र जीवनको मुकुट पाउनेछन् (प्रकाश २:१०) ।

मण्डली पहिचानका केही चिन्हहरु यी नै हुन् । यी ढाँचाहरु बाइबलबाट लिइएका हुन् । यी चिन्हहरु तपाईले आफू जाने मण्डलीसित तुलना गर्नुहोस् । उदाहरणको निम्ति, शुरुको चारवटा बूदाँहरु लिनुहोस् । “हाम्रो मण्डली कसले स्थापना गऱ्यो?” भनी आफैले आफैलाई सोध्नुहोस् । के यो खीष्टले वा अरु कसैले स्थापना गऱ्यो? त्यसपछि सोध्नुहोस्, “हाम्रो मण्डली कहाँ स्थापना भयो?” के यसको शुरुवाट यरुशलेम वा अरु कहिँ भएको थियो? निरन्तर सोध्नुहोस्, “कहिले हाम्रो मण्डली स्थापना भयो?” यदि यो इ.सं. ३३ पछि स्थापना भएको हो भने यो प्रभुको हुँदैन् । अन्तमा आफैले आफैलाई सोध्नुहोस्, “हाम्रो मण्डलीले कसको नाम

अंगाल्दछ?" यदि ख्रीष्टको नाम अंगालेको छैनन् भने त्यो कसरी ख्रीष्टको मण्डली हुन सक्छ? तपाईले यसरी नै सोध्दै जानुहोस् । तपाईको मण्डली प्रभुको हो या मानिसको हो भनी हेर्नको निम्ति यी चिन्हरुले तपाईलाई पर्याप्त सहायता गर्दछन् । अरु मण्डलीहरु परमेश्वरको हुन् वा होइनन् भनी निर्धारण गर्न तपाईले अरु मण्डलीहरुलाई पनि यी पहिचानका चिन्हहरुसित तुलना गर्न सक्नुहुन्छ । यदि तपाई आफैमा इमान्दार हुनुहुन्छ भने म विश्वास गर्दछु कि तपाईले भिन्नता देख्नुहुनेछ ।

यदि तपाई बाइबलको मण्डलीको सदस्य हुनुहुन्न् भन्ने कुरा थाहा पाउनु भयो भने, म तपाईलाई अनुरोध गर्दछु कि तपाईले आफ्नो मण्डलीलाई पर छोडनुहोस्, सत्य सिक्नुहोस्, त्यसलाई पालना गर्नुहोस्, र बाइबलको सही मण्डलीमा थप्नुहोस् जुन तपाईले परमेश्वरको वचनमा पढ्न पाउनु हुन्छ । अनि तपाई उद्धार मुक्ति पाउनुहुने मण्डलीमा हुनुहुनेछ ।

## प्रश्नहरु

**कृपया सही जवाफ दिनुहोस् ।**

(१) लामो समयसम्म हराउनु भएको साथीलाई तपाइले कसरी खोज्नुहुन्छ?
(२) के आजको संसारमा धेरै सम्प्रदाय मण्डलीहरु छन्?
(३) कुन मण्डली सही हो भन्ने कुरा तपाई कसरी थाहा पाउनुहुन्छ?
(४) मण्डली पहिचानका चिन्हहरु कहाँ पाउन सकिन्छ?
(५) कसले मण्डली स्थापना गर्नु भयो?
(६) कहाँबाट मण्डलीको शुरुवाट भयो?
(७) कहिले मण्डली स्थापना भयो?
(८) मण्डलीको नाम के हो?
(९) शरीर के हो?
(१०) सदस्यहरुलाई के भनियो?
(११) कतिवटा मण्डलीहरु छन्?
(१२) मण्डलीमा प्रवेश गर्ने सर्तहरु के-के हुन्?
(१३) कोही व्यक्ति कसरी ख्रीष्टको मण्डलीमा प्रवेश गर्नुहुन्छ?
(१४) आराधनाका क्रियाकलापहरुका सूची बनाउनुहोस् ।
(१५) मण्डलीको शिक्षा के हो?
(१६) मण्डलीको काम के हो?

(१७) ख्रीष्टियान जीवन कस्तो हुनुपर्छ?
(१८) जीवनको मुकुट कसले प्राप्त गर्नेछ?
(१९) यदि मानिसहरुबाट मण्डलीको शुरुवाट भएको छ भने के त्यो प्रभुको मण्डली हुन सक्छ?
(२०) यदि मण्डलीको शुरुवाट यरुशलेमबाट भएको छैनन् भने के त्यो मण्डली प्रभुको हुन सक्छ?
(२१) यदि मण्डलीको शुरुवाट इ.सं. ३३ पछि भएको छ भने के त्यो प्रभुको मण्डली हुन सक्छ?
(२२) यदि सदस्यहरुले ख्रीष्टको नाउँ अंगाल्दैनन् भने के त्यो प्रभुको मण्डली हुन सक्छ?
(२३) तपाईको उद्धार भएको छ भने ख्रीष्टले तपाईलाई कुन मण्डलीमा थप्नुहुन्छ?

†

## मण्डलीको पहिचान

**(१) ख्रीष्टले मण्डली स्थापना गर्नुभयो ।**
**(२) मण्डलीको शुरूवाट यरूशलेमबाट भयो ।**
**(३) मण्डली इ.सं. ३३ मा स्थापना भएको थियो ।**
**(४) मण्डलीले ख्रीष्टको नाउँ अंगाल्दछ ।**
**(५) मण्डलीका सदस्यहरूलाई ख्रीष्टियान भनियो ।**
**(६) मण्डलीको शिर ख्रीष्ट हुनुहुन्छ ।**
**(७) मण्डली एउटै छ ।**
**(८) मण्डलीमा प्रवेश गर्ने सर्तहरू छन् ।**
**(९) मण्डलीको आराधना विशिष्ट छ ।**
**(१०) मण्डलीको शिक्षा केवल बाइबलमा मात्र आधारित छन् ।**
**(११) मण्डलीको संगठन परमेश्वरको योजना अनुसार हुन्छ ।**
**(१२) मण्डलीको विशेष तीन वटा कामहरू छन ।**
**(१३) प्रत्येक जनहरूले विश्वासयोग्य ख्रीष्टियान जीवन जीउनुपर्छ ।**

## पाठ-पाँच

# मण्डलीको नाम

## Name of the Church

धर्मशास्त्र अनुसारको मण्डली हुनको निम्ति धर्मशास्त्र अनुसारकै नाम हुनुपर्छ । तै पनि, मानिसहरुले निमार्ण गरेका धेरै मण्डलीहरुमा मानिसहरुले बनाएका धेरै नाम र शिर्षकहरु छन् । यी कसरी हुन आए? तिनीहरु मध्ये कुनै नामहरु तिनीहरुको संस्थापकलाई सम्मान गर्नको निम्ति दिइएको थियो, जस्तो, "लुथरन ।" तिनीहरु मध्ये केहीले शिक्षालाई उचाल्दछ, जस्तै बप्तिस्मा वा प्रभुको कामको तरीकालाई अंगाल्दछन् । तिनीहरु मध्ये केहीले पेन्तिकोसको दिन वा शबाथ दिनलाई महिमित गर्दछ । अझै पनि कुनै ठाउँमा मण्डलीका प्रेसबिट्रहरुका कामलाई उल्लेख गरी प्रशासनलाई जोड दिन्छन् । यी सबै कुराहरुले वा अरु उल्लेख नगरेका कुराहरुले ख्रीष्टको अधिनमा भएका सबै महिमा, प्रशंसा र सम्मान ओगट्छ, र मानिसहरुले उत्पादन गरेका नाम, शिर्षक र वर्णनहरु दिन्छन् ।

मानिसले राखेको नाम र शिर्षकहरु विभिन्न कारणले गर्दा गलत छन् । सर्वप्रथम, तिनीहरुले विभाजन ल्याउँछ । परमेश्वरले फरक नचाहनु भएको ठाँउमा तिनीहरुले फरक बनाउँछ । तिनीहरुले मानिसहरुलाई विभाजन गराउँछ । यूहन्ना १७ अध्यायमा उल्लेख गरेको ख्रीष्टको प्रार्थनालाई तिनीहरुले विरोध गर्दछन् जहाँ हामी सबै एक होऔं भनी ख्रीष्टले प्रार्थना गर्नुभयो ।

दोस्रो, तिनीहरुलाई धर्मशास्त्रले दोष दिन्छन् । १ कोरिन्थी १:१०-१७ मा प्रेरित पावलले आफ्ना भाइहरुलाई मानिसहरुका नाम अंगाल्नु गलत हो भनी देखाउँदछ, जसले विभाजन र फुट गराउँछ । तेस्रो, मानिसहरुका नाउँले परमप्रभुको नाउँलाई प्रतिस्थापित गर्दछन् । तै पनि ख्रीष्टको नामबारे हामी पढ्न पाउँछौ, "अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमूनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन" (प्रेरित ४:१२) । चौथो, मानव निर्मित नामहरु र शिर्षकहरुले गलत बाटोमा

डोऱ्याउँछन्, अलमल्याँउछन् र अविश्वासीहरुमाझ गलत विचार सृजना गर्दछन् । तिनीहरुका कारणले गर्दा अविश्वास उत्पन्न हुन्छ । पाँचौ, जसले तिनीहरुका नाउँ अंगाल्दछन्, उनीहरु खीष्टबाट अलग हुन्छन् र पतन भएर जान्छ । यी सबै कारणले गर्दा तिनीहरु गलत र पापमय छन् भनी धर्मशास्त्रले बताउँदछ ।

मण्डलीको विषयमा, खीष्टले मण्डली स्थापित गर्ने प्रतिज्ञा गर्नुभयो (मत्ती १६:१८) । उहाँले आफ्नै रगतसित मण्डलीलाई किन्नुभयो (प्रेरित २०:२८), यसरी उहाँ मण्डलीको मुक्तिदाता हुनुहुन्छ (एफिसी ५:२३), र मण्डलीको शिर हुनुहुन्छ (कलस्सी १:१८) । मण्डलीको संस्थापक, निर्माता, मुक्तिदाता, र शिरलाई सम्मान गर्नको निम्ति केवल उहाँको नामलाई अंगाल्नु स्वभाविक कुरा हो । यसकारण, पावलले रोमको मण्डलीलाई पत्र लेख्दा, आफ्नो क्षेत्रमा भएका झुण्डहरुबाट अभिवादन पठाएका छन भनी उनी यसो भन्दछन्, "खीष्टमा भएका सबै मण्डलीहरुले तिमीहरुलाई अभिवादन पठाएका छन्" (रोमी १६:१६) । कोरिन्थीमा भएका मण्डलीहरुसँग कुरा गर्दै उनी भन्दछन्, "तिमीहरु खीष्टका शरीर हौ, र हरेक त्यसका अङ्गहरु हौ" (१ कोरिन्थी १२:२७) । शरीर नै मण्डली हो (एफिसी १:२२,२३), उनले सामान्यरुपमा खीष्टको मण्डलीबारे कुरा गरिरहेको थियो । यसलाई परमेश्वरको मण्डली (१ कोरिन्थी १:२; प्रेरित २०:२८), परमेश्वरको राज्य (१ कोरिन्थी ६:९), खीष्टको राज्य (एफिसी ५:५), आफ्नो प्रिय पुत्रको राज्य (कलस्सी १:१३), हाम्रा प्रभुको राज्य (२ पत्रुस १:११), मण्डली (प्रेरित १३:१), जीवित परमेश्वरको मण्डली (१ तिमोथी ३:१५), पहिला जन्मेकाहरुका सभा (हिब्रू १२:२३), इत्यादि पनि भनियो ।

यसकारण मण्डलीलाई अरु कुनै नाम वा वर्णात्मक शब्दहरुले बोलाउँदैनन् । यहाँ यो कुरालाई याद गर्नुपर्छ कि परमेश्वरको अधिनमा भएका कुराहरु खीष्टको अधिनमा पनि हुन्छन् । साथै ती नामहरु सबैले मण्डलीलाई बुझाउँछ जुन खीष्टले निमार्ण गर्नुभयो । यदि खीष्टको मण्डली होइन् भने यो कसको मण्डली हुनेछ? यसबाहेक, यी सबै नामहरु र व्याख्यात्मक शब्दहरुबाट यसो देखिन्छ कि कोही प्रभुको मण्डलीको निम्ति अर्को नाम रोजेर साँच्चै नै धर्मशास्त्रबाट ताढा जाने इच्छा गरिरहेको जस्तो देखिन्छ । तर आउनुहोस् हामी बाइबलमा रहौं र

मण्डलीलाई त्यो नाउँले बोलाऔं जुन बाइबलले यसलाई बोलाउँदछ । अनि हामी बाइबल अनुसार सही हुनेछौं ।

मण्डलीका सदस्यहरुका नामको विषयमा, धर्मशास्त्रले यसलाई पनि प्रष्ट पार्दछ । यसको शुरुवातमा अगमवक्ता यशैया भन्दछ कि परमेश्वरले आफ्ना जनहरुलाई एउटा नयाँ नाम दिनुहुनेछ (यशैया ६२:२) । त्यो नाउँलाई पावलले धेरै वर्षपछि वहन गरेको थियो (प्रेरित ९:१५), तर अन्यजातिहरुले परमेश्वरलाई आज्ञापालन गर्ने मौका नपाएसम्म यो नाम दिइएको थिएनन् । जब चेलाहरुलाई पहिलो पल्ट सिरियाको एन्टिओखियामा खीष्टियान भनियो, यी सबै कुराहरु त्यहाँ पूरा भयो (प्रेरित ११:२६) । पछि, हामी पढ्न पाउँछौ कि पावलले राजा अग्रिपासलाई प्रचार गरिरहेको थियो, र उनले जवाफमा पावललाई यसो भन्यो, "के थोरै समयमा तिमी मलाई खीष्टियान बनाउन चाहन्छौ?" (प्रेरित २६:२८) । अन्तमा, पत्रुसले भनेको कुरा हामी पढछौं, "तर कसैले खीष्टियान भएको कारण दु:ख भोग्दछ भने त उसले लाज नमानोस्, तर त्यही नाउँमा उसले परमेश्वरलाई महिमा देओस्" (१ पत्रुस ४:१६) ।

यसकारण खीष्टलाई पछ्याउनेहरुलाई नयाँ नियममा खीष्टियानहरु मात्र भनियो । आज प्रभुले हामीबाट यही चाहनुहुन्छ । यदि हामीले खीष्टियान नाममा अरु नामहरु र शिर्षकहरु झुण्डयाउँछौं भने हामी साँचा खीष्टियानहरु हुनेछैनौं । खीष्टियान नामले संसारका अरु बाँकी नामहरुबाट फरक देखाउँदछ र परमप्रभुले यी नै कुरा चाहनुहुन्छ ।

मण्डली र यसको सदस्यहरुका दुवै नामले खीष्टलाई उचालिनुपर्छ । किन? किनभने यो पारिवारिक नाम हो (एफिसी ३:१४,१५), जुन अरु सबै नाउँहरुभन्दा उच्च छ (फिलिप्पी २:९-११), र जुन नाउँमा मुक्ति पाइन्छ (प्रेरित ४:१२) । यसकारण, हामीले खीष्टको नाउँमा विश्वास गर्नुपर्छ (१ यूहन्ना ५:१३), त्यो नाउँलाई स्वीकार गर्छौं (२ तिमोथी २:१९), त्यही नाउँमा पश्चात्ताप गरी बप्तिस्मा लिन्छौं (प्रेरित २:३८), त्यही नाउँमा भेला भई आराधना गर्छौं (मत्ती १९:२०), सबै काम उहाँको नाममा गर्छौं (कलस्सी ३:१७), ताकि उहाँको नाउँमा हामीले अनन्त जीवन प्राप्त गर्न सकौं (यूहन्ना २०:३०,३१) ।

मनमा अग्रगामी हुँदै, निश्चय नै नामको कुनै महत्व छैनन् भनी

कसैले भन्न सक्दैनन् । मानिसका नामहरु र शिर्षकहरुमा निश्चय नै उद्धार मुक्ति छैनन् । तर जसले मानिसहरुका नाउँलाई अंगाल्दछन्, तिनीहरुको कारणले गर्दा उनीहरु नष्ट हुनेछन् । केवल खीष्टको नाउँमा मात्र मुक्ति छ ।

## प्रश्नहरु

**कृपया सही उत्तर दिनुहोस् ।**

(१) मानिसहरुका नामहरु र शिर्षकहरु अंगाल्नु किन गलत हो ?
(२) खीष्टले के को निम्ति प्रार्थना गर्नुभयो?
(३) आफ्ना भाइहरु विभाजन भएको भेट्टाउँदा पावलले के गऱ्यो ?
(४) बाइबलको मण्डली पहिचान गराउने धर्मशास्त्रीय नामहरुका सूची बनाउनुहोस् ।
(५) बाइबलमा मण्डलीको सदस्यहरुलाई के भनेर बोलाइयो?
(६) किन मण्डलीले खीष्टको नामलाई अंगाल्नुपर्छ?
(७) १ कोरिन्थी १२:२७ मा खीष्टको शरीर के हो?
(८) यदि मण्डली खीष्टको होइनन् भने कसको हो?
(९) खीष्टियान शब्द उल्लेख गरेका तीनवटा पदहरु उल्लेख गर्नुहोस् ।
(१०) किन हामीले खीष्टको नाउँलाई अंगाल्नुपर्छ?
(११) हामीले खीष्टको नाउँलाई के गर्नुपर्छ?
(१२) बाइबलको मण्डलीमा सम्वन्धित भएर परमेश्वर र खीष्टको एकताबारे छलफल गर्नुहोस् र खीष्टियानहरु त्यही एकतामा कसरी मिलेर बस्दछन्?
(१३) रोमी १६:१६ ले के भन्दछ?
(१४) मानव निर्मित नामहरु कसरी आए?

✝

*"तर कसैले खीष्टियान भएको कारण दुःख भोग्दछ भने त उसले लाज नमानोस्, तर त्यही नाउँमा उसले परमेश्वरलाई महिमा देओस्"*
**(१ पत्रुस ४:१६) ।**

## पाठ-छ

# मण्डलीको संगठन

## Organization of the Church

खीष्टले मण्डली स्थापना गर्नुभयो (मत्ती १६:१८) । संसारबाट बोलाइएका मानिसहरुबाट मण्डली बनेको हुन्छ (कलस्सी १:१३,१४) । उद्धार पाएका मानिसहरु मण्डलीमा थपिएका हुन्छन् (प्रेरित २:४७) । यो उहाँको आत्मिक शरीर हो (कलस्सी १:१८), शरीर एउटै छ (एफिसी ४:४) ।

मण्डली स्वभावैले विश्वव्यापी रुपमा छ भने यो सयौं र हजारौं झुण्डहरु मिलेर बनेको हुन्छ । प्रत्येक झुण्ड धेरै सदस्यहरु मिलेर बनेको हुन्छ । मण्डलीको संचालन स्थानीय तहबाट हुन्छ । राष्ट्रिय र अन्तराष्ट्रिय स्तरबाट हुँदैनन् । अर्को शब्दमा भन्नुपर्दा प्रभुको मण्डलीमा संसारिक प्रमुख वा संसारिक मूख्यालयहरु हुँदैनन् ।

मण्डलीको शिर खीष्ट हुनुहुन्छ भनी धर्मशास्त्रले सिकाउँदछ । आउनुहोस् तल दिएका पदहरुलाई अवलोकन गरौं: "र परमेश्वरले सबैकुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो । र उहाँले नै सबैथोक परिपूर्ण पार्नुहुन्छ" (एफिसी १:२२,२३) । "किनकि पति पत्नीको शिर हो, जसरी खीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ" (एफिसी ५:२३) । "उहाँ शरीर, अर्थात मण्डलीको शिर हुनुहुन्छ, उहाँ नै शुरु हुनुहुन्छ, मरेकाहरुबाट जीवित हुनेहरुमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन्" (कलस्सी १:१८) । अब यी पदहरुले के सिकाउँदछन्? जसरी अघि नै भनिसक्यो कि खीष्ट शरीरको शिर हुनुहुन्छ, जुन मण्डली हो । कतिवटा शिरहरु छन्? केवल एउटै छ, र त्यो खीष्ट हुनुहुन्छ ।

धेरै स्थानीय झुण्डहरु मिलेर मण्डली बनेको हुन्छ, मण्डलीको शिर खीष्ट हुनुहुन्छ, त्यसो भए यसको अर्थ यो हुन्छ कि उहाँ प्रत्येक झुण्ड

वा स्थानीय मण्डलीको शिर हुनुहुन्छ । यसको साथसाथै मण्डलीका प्रत्येक सदस्यहरुको पनि शिर हुनुहुन्छ, यसलाई ध्यानमा राख्दै पावल भन्दछ, "तर तिमीहरुले यो बुझ भन्ने म चाहन्छु, कि हरेक मानिसको शिर ख्रीष्ट हुनुहुन्छ, स्त्रीको शिर तिनको पति हो, अनि ख्रीष्टको शिर परमेश्वर हुनुहुन्छ" (१ कोरिन्थी ११:३) ।

हरेक स्थानीय झुण्डको आफ्नै संगठन हुनुपर्छ । जसमा ख्रीष्ट शिर हुनुहुन्छ, मण्डलीको भौतिक र आत्मिक आवश्यकताहरुलाई पूरा गर्नको निम्ति मण्डलीका सदस्यहरुबाट एल्डरहरु र डिकनहरु नियुक्त गर्नुपर्छ । एल्डरहरुले सदस्यहरुका आत्मालाई निगरानी गर्दछन् (हिब्रू १३:७); डिकनहरुले भौतिक आवश्यकताहरुलाई पूरा गर्दछन् । (प्रेरित ६) । सदस्यहरुलाई एकजना एल्डर र एकजना डिकनले स्वचालना गर्दैनन् त्यसको सट्टामा धर्मशास्त्रले जहिले पनि प्रत्येक झुण्डमा एल्डरहरु र डिकनहरुलाई बहुवचन शब्द प्रयोग गरेका कुरा पनि याद गराउँदछन् । कुनै एउटा झुण्डको एल्डरहरु र डिकनहरुले अर्को झुण्ड वा झुण्डहरुका समुहलाई नियन्त्रण गरेका हुँदैनन् । झुण्डहरुले एक अर्कामा संगति गर्दछन् तर एक अर्कामाथि कहिल्यै पनि नियन्त्रण गर्ने अभ्यास गर्दैनन् ।

एल्डर, पास्टर, बिशप, गोठाला, रखवाला र प्रेसबिटर शब्दहरुको सन्दर्भले एउटै कामलाई जनाउँदछ । यसरी एल्डर, पास्टर र बिशप पनि हो । तीतस १:५-९ मा पावलले एल्डरहरुका योग्यताहरुको सूची दिन्छन्: "यसैकारण मैले तिमीलाई क्रेटमा छोडें, कि मैले तिमीलाई अह्राएबमोजिम तिमीले त्यहाँ अपूरा कुराहरु पूरा गर्नू, र हरेक शहरमा एल्डरहरु नियुक्त गर्नू, एल्डर एउटै स्त्रीको पति र दोषरहित र यस्तो व्यक्ति होस्, जसका छोराछोरीहरु विश्वासी होऊन्, र चरित्रहिन र अनाज्ञाकारी नहोऊन् । किनभने परमेश्वरको कारिन्दा हुनुपर्ने हुनाले बिशपचाहिँ दोषरहित हुनुपर्छ । तिनी हठी वा झट्टै रीस गर्ने, वा मतवाला, वा झगडालु वा धनको लोभी हुनुहुँदैन, तर अतिथीसत्कार गर्ने, भलाइ प्रेमी आफूलाई वशमा राख्ने, ईमान्दार, पवित्र र संयमी हुनुपर्दछ । तिनलाई सिकाइएको विश्वासयोग्य वचनमा तिनी दह्रिलो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्त अनुसार शिक्षा दिन सकून्, र ती कुराहरुको खण्डन गर्नेहरुलाई झूटा साबित गर्न सकून् ।" तिनीहरुका योग्यताहरु १ तिमोथी ३:१-७ मा पनि उल्लेख गरेका छन् । त्यसो भए मण्डलीमा भएका सबै व्यक्तिहरु एल्डर

हुन सक्दैनन् । केवल योग्यता भएको व्यक्ति नै नियुक्त हुन सक्छ, त्यसो भएता पनि यस्ता मानिसहरु जहिले पनि एक जनाभन्दा बढी हुनुपर्छ । मण्डलीमा एल्डरहरु हुनको निम्ति योग्यता पुगेका सदस्यहरु छैनन् भने एल्डरहरु नियुक्त नभएसम्म मण्डलीको आत्मिक बृद्धि विकास हुनको निम्ति मण्डलीका पुरुष मानिसहरुले अगुवाइको भुमिका सम्हाल्नु पर्छ ।

एल्डरहरुसँगै सेवाकाईको निमित्त डिकनहरु पनि नियुक्त गरेका हुन्छन् । तिनीहरुलाई सेवकहरु भनेर पनि चिनिन्छन । तिनीहरुले स्थानीय एल्डरहरुका मार्ग निर्देशनमा रही काम गर्दछन् । पावलले तिनीहरुका योग्यताको बारे सूची दिन्दछः "त्यसै गरी डिकनहरु पनि गम्भीर हुनुपर्छ, दुई-जिब्रे होइन, बढी मद्य पिउने र धनको लोभी होइन, तर तिनीहरु विश्वासको रहस्य शुद्ध विवेकमा कायम राख्ने हुनुपर्छ । पहिले तिनीहरुको जाँच पनि होस् । त्यसपछि तिनीहरुले आफैलाई दोषरहित प्रमाणित गर्न सके भने तिनीहरुले डिकनको सेवा गरुन् । स्त्रीहरु पनि यही बमोजिम गम्भीर, अर्काको बदख्वाइँ नगर्ने, तर सबै कुरामा संयमी र विश्वासयोग्य हुनुपर्छ । डिकन एउटै पत्नीका पति होऊन् । आफ्ना छोराछोरीहरु र आफ्नो घरको प्रबन्ध राम्ररी मिलाउन सक्ने होऊन् । किनकि डिकनले गर्नुपर्ने सेवा जसले राम्ररी गर्छन तिनीहरुले आ-आफ्ना निम्ति प्रतिष्ठा र ख्रीष्ट येशूमा भएको विश्वासमा पनि ठूलो भरोसा पाउनेछन्" (१ तिमोथी ३:८-१३) ।

यो मण्डलीको ईश्वरीय संगठन हो । ख्रीष्ट शिर हुनुहुन्छ, हरेक झुण्डमा आफ्नै एल्डरहरु र डिकनहरु हुनुपर्छ । तिनीहरुको अधीनमा प्रचारकहरु, शिक्षकहरु र सदस्यहरु हुन्छन् । परमप्रभुको मार्ग अनुसार यदि एउटा झुण्ड गलतको बहावमा जान्छ भने पनि अरु विश्वासीहरुले विश्वास योग्यतामा निरन्तरता दिनुपर्छ । वा यदि सबै झुण्ड सत्यताबाट अलग भएर गएता पनि एउटै मात्र स्थिर रहिरहयो भने त्यो एउटैमात्र पनि विश्वासयोग्य हुन सम्भव छ । परमप्रभुको संगठनको योजना अनुसार प्रत्येक झुण्ड अरुबाट स्वतन्त्र हुन्छन् । तिनीहरु मानिसले बनाएका नियमहरुमा बाँधिएका हुँदैनन् तर प्रेममा बाँधिएका हुन्छन् । तिनीहरु एक अर्कासँग संगति हुन्छन, ख्रीष्टमा मिलेर परिश्रम गर्दछन् । परमप्रभुको मार्गलाई सुधार्नु पर्दैन् ।

तपाईले धर्मशास्त्रको कुनै पनि ठाउँमा पत्रुस वा अरु कोही पनि मण्डलीको शिर भएको पढ्न पाउनुहुन्न् । बिशपले धेरै झुण्डहरुमाथि

शासन गरेको वा झुण्डमाथि प्रचारक वा पास्टर शिर भएको कुरा तपाईले धर्मशास्त्रको कुनै पनि ठाउँमा पढ्न पाउनुहुन्न् । तपाईले "कारिन्दा" वा "पादरी" को बारेमा कहिँ पनि पढ्न पाउनुहुन्न् । बहुसंख्यक धार्मिक संसार परमेश्वरको मण्डलीको संगठनबाट अलग भएका छन् र यहि कारणले गर्दा संसारमा धेरै सम्प्रदायहरुको उदय भएको छ । यसकारण आउनुहोस् धर्मशास्त्रीय ढाँचा अनुसारका मण्डली संगठनको निम्ति बाइबलमा फर्केर जाऔं ।

## प्रश्नहरु

**कृपया तल दिएका प्रश्नहरुको सही जवाफ दिनुहोस् ।**

(१) कसले मण्डली स्थापना गऱ्यो?
(२) मण्डली के द्धारा बनेको हुन्छ?
(३) ख्रीष्टको मण्डली भौतिक वा आत्मिक कुन हो?
(४) कतिवटा मण्डलीहरु छन्?
(५) मण्डलीको शासन व्यवस्था स्थानीय, राष्ट्रिय वा अन्तराष्ट्रिय कुन तहबाट हुनुपर्छ?
(६) के प्रभुको मण्डलीमा संसारिक प्रमुख वा संसारिक मूख्यालय हुन्छन्?
(७) मण्डलीको शिर को हुनुहुन्छ?
(८) स्थानीय मण्डलीको अगुवाहरुलाई के भनिन्छ?
(९) एल्डरहरु र डिकनहरुका काम के हो?
(१०) हरेक झुण्डमा कति जना एल्डहरु र डिकनहरुले निगरानी गर्नुपर्छ?
(११) एल्डरहरुलाई अरु कुन-कुन नामले बोलाइन्छ?
(१२) एल्डरहरु र डिकनहरुका योग्यता कहाँ उल्लेख गरेका छन्?
(१३) योग्यता भएका सदस्यहरु छैनन् भने के झुण्डहरुमा एल्डहरु र डिकनहरु नियुक्त गर्न सक्छन्?
(१४) एल्डरहरु र डिकनहरु नभएको अवस्थामा कसले मण्डलीको अगुवाई गर्दछन्?
(१५) झुण्डहरु कसरी एकसाथ बाँधिएका हुन्छन्?
(१६) के परमेश्वरको संगठनको ढाँचालाई सुधार्न सकिन्छ?
(१७) धर्मशास्त्र अनुसार के पत्रुस मण्डलीको शिर हो?
(१८) किन संसारमा धेरै विभाजनहरु छन्?
(१९) मण्डली संगठन ढाँचाको निम्ति हामी कहाँ जानुपर्छ? ✝

## पाठ-सात

# मण्डलीमा प्रवेश

## Entering the Church

अहिले सम्मको हाम्रो अध्ययनमा हामीले मण्डलीको महत्वलाई हेऱ्यौं । तथ्यद्वारा समर्थन गरी यसलाई धर्मशास्त्रले सिकाउँदछ कि ख्रीष्ट मण्डलीको निम्ति मर्नुभयो (एफिसी ५:२५), उहाँले आफ्नै रगतद्वारा मण्डलीलाई किन्नुभयो (प्रेरित २०:२८), र उहाँ यसको मुक्तिदाता हुनुहुन्छ (एफिसी ५:२३) । यी प्रश्नहरु उठ्छन्: के ख्रीष्ट कुनै महत्वहीन कुराहरुका निम्ति मर्नुभयो? के उहाँले मूल्यहीन मण्डलीलाई किन्नको निम्ति रगत बहाउनुभयो? यदि कसैले मण्डली बाहिर उद्धार पाउन सक्छन् भने के उहाँ मण्डलीको मुक्तिदाता हुनुहुन्छ? निश्चय नै तपाईले यी सबै प्रश्नहरुको जवाफ होइन भन्नुहुन्छ र ठीक त्यस्तै गर्नुहुन्छ । त्यसो भए मण्डली महत्वपूर्ण छैन र मण्डलीको सदस्य नभइकन कसैको उद्धार हुन सक्छन् भनी किन भन्दछन्? सामान्यतया ती मानिसहरुले मण्डलीलाई बुझ्नुभएको छैनन् र त्यसरी सोचेर तिनीहरु आफै धोखामा परेका छन् ।

मण्डली उद्धारकर्त्ता हो भनी बाइबलले निश्चय नै सिकाउँदैनन् । तर पनि यो सिकाउँछ कि कसैले उद्धार पाउनको निम्ति मण्डलीमा हुनुपर्छ । जसरी नोआको जहाज उद्धारक थिएनन्, तै पनि नोआ र उनका परिवार जलप्रलयबाट बच्नको निम्ति जहाजभित्र हुनु पऱ्यो, मण्डलीसित पनि त्यही हुन्छ । त्यति मात्र होइनन्, उद्धार पाएकाहरुलाई प्रभुले मण्डलीमा थप्नुहुन्छ । पेन्तिकोसको दिनमा मानिसहरुले सुसमाचार सुनेर आज्ञा पालन गरे, र त्यही दिनको अभिलेखले भन्दछ, "उद्धार पाउनेहरुलाई प्रभुले दिनदिनै तिनीहरुको संख्यामा थपिदिनुहुन्थ्यो" (प्रेरित २:४७) । त्यसो भए कसैको उद्धार भएको छ भने उनी प्रभुको मण्डलीको सदस्य हुन्छ । यदि कोही प्रभुको मण्डलीको सदस्य हुनु भएको छैनन् भने, उनको उद्धार भएको हुँदैन । यो सामान्य सत्य कुरा हो । अर्को शब्दमा भन्नुपर्दा, मण्डली बाहिर उद्धार पाउने त्यस्तो कुनै कुरा छैनन् । सम्प्रदायको सदस्य नभईकन कसैले उद्धार पाउन सक्छ, तर ख्रीष्टको मण्डलीको सदस्यविना

कसैको उद्धार हुन सक्दैनन् ।

हाम्रो पाठलाई निरन्तरता दिदै, कोही व्यक्ति प्रभुको मण्डलीमा आफै जोडिन सक्दैनन् । त्यसको सट्टामा, उद्धार पाएकाहरुलाई प्रभुले आफ्नै मण्डलीमा थप्नुहुन्छ । प्रभुले केवल उद्धार पाएकाहरुलाई मात्र मण्डलीमा थप्नुहुने भएकोले, मण्डली उद्धार पाएकाहरुबाट बनेको हुन्छ । उनले इमान्दारीताका साथ आज्ञा पालन गरिरहेको छ कि भनी हेर्नको निम्ति त्यो मानिसमा कार्य उत्पन्न गराउन परमप्रभुले हृदय, मनसाय इत्यादि हेर्नुहुन्छ । उनी इमान्दार छ भने, परमेश्वरले उनलाई मण्डलीमा थप्नुहुन्छ । उनी इमान्दार छैनन् भने परमेश्वरले उनलाई मण्डलीमा थप्नुहुन्न् । उनले बाहिरी आज्ञाकारिताका कार्यहरुलाई पूरा गरिसकेको आधारमा हामीले उनलाई स्वीकार गरौंला, हामीले उनको हृदयलाई बुझ्न सक्दैनौं । यदि कोही मण्डलीमा सामेल हुन सक्छन् भने, सबै तिनीहरुको मनसायको वेवास्ताविना स्वीकारयोग्य हुनेछन् । त्यसकारण मण्डलीमा थपिएकाहरुका निम्ति प्रभु जिम्मेवारी हुनुहुन्छ ।

मण्डलीको मुक्तिदाता ख्रीष्ट हुनुभएको हुनाले, उहाँले उद्धार पाएकाहरुलाई मात्र मण्डलीमा थप्नुहुन्छ, मण्डलीमा प्रवेश गर्नको निम्ति प्रभुले के चाहनुहुन्छ भन्ने कुरा कसैले स्वभाविकरुपले जान्न चाहन्छन् । परमेश्वरको वचनमा यसलाई स्पष्टसँग प्रस्तुत गरेको छ । विशेष गरी प्रेरितको पुस्तकमा विभिन्न रुपान्तरणका उदाहरणद्वारा यसलाई प्रष्ट पारेको छ । बाइबलको मण्डलीमा प्रवेश गर्ने विशिष्ट सर्तहरु वा पाइलाहरुलाई नोट गरौं:

(१) **कसैले सत्यताको वचनलाई सुन्नैपर्छ ।** "किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ...जे सुनिएको छ, त्यसैबाट विश्वास आँउछ, र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ" (रोमी १०:१०,१७) ।

(२) **उनले परमेश्वर र ख्रीष्टमा विश्वास गर्नैपर्छ ।** "तिमीहरुको हृदय व्याकुल नहोस् । तिमीहरु परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर" (यूहन्ना १४:१) । "मैले तिमीहरुलाई भनेः तिमीहरु आफ्ना पापमा मर्नेछौ, किनभने म उही हुँ भनेर तिमीहरुले विश्वास गरेनौ भने आफ्ना पापमा मर्नेछौ" (यूहन्ना ८:२४) ।

"विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरुलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ" (हिब्रू ११:६) ।

(३) **उनले आफ्ना पापबाट पश्चात्ताप गर्नेपर्छ ।** "म तिमीहरुलाई भन्दछु, त्यसो होइन्, तर तिमीहरुले पश्चात्ताप गरेनौ भने तिमीहरु सबै त्यसरी नै नाश हुनेछौ" (लूका १३:३,५) । "अब प्रत्येक ठाउँमा सब मानिसहरुलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ" (प्रेरित १७:३०) ।

(४) **खीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी उनले स्वीकार गर्नैपर्छ ।** खीष्टले आफ्नोबारे भन्नुभयो, "यसकारण हरेक जसले मानिसहरुका सामु मलाई स्वीकार गर्छ, म पनि त्यसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु" (मत्ती १०:३२) । "अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ" (रोमी १०:१०) ।

(५) **उनले आफ्नो पाप क्षमाको निम्ति बप्तिस्मा लिनैपर्छ ।** यो बप्तिस्मा पानीमा डुब्नु हो (रोमी ६:३,४; प्रेरित ८:२६-३९) । "विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१६) । "पत्रुसले तिनीहरुलाई भने, पश्चात्ताप गर र तिनीहरुका पाप-क्षमाको निम्ति येशू खीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ" (प्रेरित २:३८) ।

हामीले यो पाठको अघिल्लो खण्डबाट के सिक्यौ? प्रभुले उद्धार पाएकाहरुलाई मण्डलीमा थप्नुहुन्छ । जब कसैले प्रभुको आज्ञापालन गरेर उद्धार पाउँछ, तब उनी स्वतः मण्डलीमा थपिएको हुन्छ । वचनको सत्यतालाई सुनेर, त्यसलाई विश्वास गरी, पापबाट पश्चात्ताप गरेर, खीष्टलाई स्वीकार गरी बप्तिस्मा लिँदा कसैको उद्धार हुन्छ भन्ने कुरा हामीले देख्यौं । हरेक व्यक्तिले यसो गर्दा उनी मण्डलीमा थपिन्छ, परमेश्वरको आज्ञापालनको योजनाद्वारा हाम्रो उद्धार हुन्छ, र प्रभुले उद्धार पाएकाहरुलाई मण्डलीमा थप्नुहुन्छ ।

यसलाई अर्को तरीकाले भन्नुपर्दा, केवल पानी र आत्माद्वारा जन्मेर कोही परमेश्वरको राज्यमा प्रवेश गर्न सकिन्छ भनी प्रभु भन्नुहुन्छ

(यूहन्ना ३:३:-५) । तर राज्य के हो? यो मण्डली हो (मत्ती १६:१८,१९) । कोही मानिस मण्डलीमा प्रवेश गर्नको निम्ति के प्रभुसँग अरु मार्गहरु छन्? निश्चय नै छैनन् । यसकारण, जब कसैले विश्वास गरी बप्तिस्मा लिन्छ (वचनद्धारा आत्मामा जन्मिएको र यसको शिक्षालाई आज्ञापालन गरेको) भने त्यो परमेश्वरको राज्यमा वा परमेश्वरको घरानामा जन्मन्छ, जुन प्रभुको मण्डली हो ।

हामीले एउटै शरीरमा बप्तिस्मा लियौ भनी पावल भन्दछ (१ कोरिन्थी १२:१३) । शरीर के हो? यो मण्डली हो (कलस्सी १:१८) । मण्डली कतिवटा छन्? केवल एउटै छ (एफिसी १:२२,२३; ४:४) । मण्डलीमा कसरी प्रवेश हुन्छ? केवल बप्तिस्मा लिएर प्रवेश हुन्छ । उद्धार पाउनको निम्ति कसैले विश्वास गरी बप्तिस्मा लिनै पर्दछ भनी ख्रीष्ट भन्नुहुन्छ (मर्कूस १६:१६) । यहि कुरा कोरिन्थीहरुले गरेका थिए (प्रेरित १८:८) । यसकारण जब कसैले बप्तिस्मा लिन्छन भने उ मण्डलीको हिस्सा हुन्छ वा मण्डलीमा थपिन्छ ।

हामीले देख्यौ कि उद्धार पाउने एउटै मार्ग रहेछ, र उद्धार पाएकाहरुलाई प्रभुले मण्डलीमा थप्नुहुन्छ । के तपाई बाइबलमा पढ्न पाउनुहुने मण्डलीको सदस्य हुनुहुन्छ? यदि तपाई हुनुहुन्न् भने तपाईको उद्धार भएको छैनन् । बाइबललाई अनुसन्धान गर्नुहोस्, यसलाई अध्ययन गर्नुहोस् र प्रभुको आज्ञापालन गर्नुहोस्, उहाँले तपाईलाई व्यक्तिगतरुपमा आफ्नै मण्डलीमा थप्नुहुन्छ ।

## प्रश्नहरु

**सही जवाफ दिनुहोस् ।**

(१) मण्डलीको निम्ति को मर्नुभयो?
(२) मण्डलीलाई के सित किनियो?
(३) मण्डलीको मुक्तिदाता को हुनुहुन्छ?
(४) मण्डली महत्वपूर्ण छ भनी हामी कसरी भन्न सक्छौ?
(५) कसैले मण्डली महत्वपूर्ण छैनन् भनी किन भन्दछन्?
(६) के मण्डलीले बचाउँछ?
(७) के उद्धार पाउनको निम्ति कोही मण्डलीको सदस्य हुनै पर्छ?
(८) जलप्रलयबाट बच्नको निम्ति नोआ र उनका परिवार कहाँ हुनुपर्‍यो?

(९) के जहाज बाहिर कुनै उद्धार थियो?
(१०) बचाइएकाहरुलाई कसले मण्डलीमा थप्नुहुन्छ?
(११) यदि कसैको उद्धार भएको छ भने स्वतः उनी कुन मण्डलीको सदस्य हुन्छ?
(१२) के कोही व्यक्ति प्रभुको मण्डलीमा जोडिन सक्छ?
(१३) मण्डलीमा प्रवेश गर्ने खुडकिलाहरु के-के हुन्?
(१४) के प्रभुको आज्ञा पालना नगरीकन कुनै मानिसको उद्धार हुन सक्छ?
(१५) बप्तिस्माको उद्देश्य के हो?
(१६) राज्य के हो?
(१७) कसरी मानिस परमेश्वरको राज्यमा प्रवेश गर्दछ?
(१८) शरीर के हो?
(१९) कतिवटा शरीर छन्?
(२०) कति वटा तरीकाबाट उद्धार पाउन सकिन्छ?
(२१) कुन-कुन तरीकाबाट मण्डलीमा प्रवेश गर्न सकिन्छ?
(२२) पश्चात्ताप के हो?
(२३) के "विश्वास र आज्ञापालन" र "आत्मा र सत्यता" एउटै कुरा हो कि फरक कुरा हो?
(२४) के विश्वासद्धारा मात्र उद्धार पाइन्छ भन्ने कुरा बाइबलले सिकाउँदछ?

✝

**बाइबलको मण्डलीमा प्रवेश गर्ने विशिष्ट सर्तहरू**

(१) सत्यताको वचनलाई सुन्नैपर्छ ।
(२) परमेश्वर र ख्रीष्टमा विश्वास गर्नैपर्छ ।
(३) आफ्ना पापबाट पश्चात्ताप गर्नेपर्छ ।
(४) ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी स्वीकार गर्नैपर्छ ।
(५) आफ्नो पाप क्षमाको निम्ति बप्तिस्मा लिनैपर्छ

पाठ-आठ

# मण्डलीको आराधना

## Worship of the Church

उद्धार पाएका मानिसहरुबाट मण्डली बनेको हुन्छ । मण्डलीको उद्देश्य येशू खीष्टद्धारा परमेश्वरलाई आराधना र सेवा गर्नु हो । पावल भन्दछ, "कुरा वा काममा जे-जे गर्छौं, सबै कुरा उहाँद्धारा नै परमेश्वर पितालाई धन्यवाद चढाउँदै प्रभु येशूको नाउँमा गर" (कलस्सी ३:१७) ।

नयाँ नियममा तीन प्रकारका आराधनाहरु उल्लेख गरेका छन् । पहिलो, हामी अज्ञानताका आराधनाबारे पढ्न पाउँछौ । पावल अरियोपागसको बीचमा मूर्तिहरुले घेरिएको कुरालाई अवलोकन गर्दै यसो भन्यो, "घुमफिर गर्दैजाँदा तपाईहरुले पुज्ने वस्तुहरु मैले देखे । मैले एउटा यस्तो वेदी पनि भेट्टाएँ जसमा: अज्ञात देवताको निम्ति भन्ने खोपिएको रहेछ । यसैले जसलाई तपाईहरु नजानीकन पुज्नुहुन्छ उनलाई म तपाईहरुका माझमा घोषणा गर्दछु" (प्रेरित १७:२३) । जसरी तिनीहरुले त्यहाँ अज्ञानताकासाथ पुजिरहेका थिए, त्यसरी नै आज पनि धेरै मानिसहरुले त्यसरी नै आराधना गरिरहेका छन् । केवल लाखौं मानिसहरुले मात्र मूर्तिहरु र आकृतिहरुलाई ढोगिरहेका छैनन्, तर लाखौं भन्दा बढि मानिसहरुले विविध धार्मिक अभ्यासहरुलाई धर्मशास्त्रको अज्ञानतामा पछ्याइरहेका छन् ।

दोस्रोमा, प्रभुको वचनले व्यर्थमा आराधना गर्ने मानिसहरुका बारेमा पनि भन्दछ । खीष्टले भन्नुभयो, "तिनीहरु व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरुका शिक्षा मानिसहरुले सिकाएका विधि मात्र हुन्" (मत्ती १५:९) । बहुसँख्यक मानिसहरु आज यस्तो तरीकाले आराधना गर्दछन् । यो सत्य हो कि तिनीहरुले प्रभुको आराधना गर्दछन्, तर तिनीहरुको आराधना व्यर्थ वा बेकारका छन् किनभने तिनीहरुले परमेश्वरको इच्छा अनुसारभन्दा पनि मानिसहरुका परम्परा र शिक्षा अनुसार आराधना गर्दछन् ।

तेस्रो, परमेश्वरको वचनले सही आराधनाको बारेमा भन्दछ, जुन आत्मा र सत्यतामा हुन्छन् । हामी ख्रीष्टको वचनमा पढ्न पाउँछौं, "परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरुले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ" (यूहन्ना ४:२४) । यो एक प्रकारको आराधना हो जसलाई परमेश्वरले स्वीकार गर्नुहुन्छ । ख्रीष्टको समयमा पनि यो सत्य थियो र आज हाम्रो वर्तमान समयमा पनि यो सही छ । परमेश्वरलाई आत्मा (नम्रता र समझ) र सत्यतामा (जस्तो लेखिएको छ) आराधना गर्न निर्देशित गर्दछन् । आफूलाई आराधना गर्न परमेश्वरले कसैलाई पनि बाध्य पार्नुहुन्न, तर जसले उहाँलाई आराधना गर्दछन्, तिनीहरुले उहाँका सर्त अनुसार गर्नैपर्छ ।

(१) **तिनीहरु वचन अध्ययन गर्न भेला हुन्थे ।** तिमोथीलाई बच्चैदेखि धर्मशास्त्र सिकाएता पनि (२ तिमोथी ३:१५), जवान प्रचारकको रुपमा पावलले उनलाई सल्लाह दिन्छन्, "शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर" (२ तिमोथी २:१५) । विशेषगरी जब ख्रीष्टियानहरु आराधनाको निम्ति भेला हुन्छन् तब यो पदले सबैलाई समेट्छन् । यही नै समयमा परमेश्वरले आफ्ना वचनद्धारा आफ्ना सन्तहरुसित बोल्नुहुन्छ । प्रेरित २०:७ मा पावलले दाजुभाइहरुलाई प्रचार गरेको बारेमा हामी पढ्न पाउँछौं जसको अर्थ तिनीहरुले परमेश्वरको वचन अध्ययन गरेको बुझिन्छ ।

(२) **तिनीहरुले प्रार्थना गरे ।** पेन्तिकोसको दिनमा मानिसहरुले प्रभुमा आज्ञापालन गरेपछि, "तिनीहरु प्रेरितहरुका शिक्षा, संगति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे" (प्रेरित २:४२) भन्ने कुरा हामी पढ्न पाउँछौं । परमप्रभुका जनहरुले प्रार्थनाद्धारा तिनीहरुका स्वर्गीय पितासँग बोल्ने मौका पाउँदछन् । आराधनामा अरु ख्रीष्टियानहरुसित भेला भएर प्रार्थनामा सम्लग्न नहुँदा तिनीहरु के सोच्दछन् होला?

(३) **तिनीहरुले प्रशंसाका भजनहरु गाए ।** "एउटाले अर्कासँग भजन, गीत, आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै" गाउनुपर्छ (एफिसी ५:१९) भनी पावलले

आफ्ना भाइहरुलाई लेख्दछ । त्यस्तै कलस्सी ३:१६ र हिब्रू १३:१५ पनि पढ्नुहोस् । संगीत दुई प्रकारका छन् । एउटा स्वर संगीत र अर्को यान्त्रिक संगीत हो । कस्तो प्रकारको संगीत परमेश्वर चाहनुहुन्छ? उहाँले स्वर संगीत चाहनुहुन्छ । हामीले परमप्रभुको निम्ति हृदयले धुन निकाल्नु पर्छ भनी पावल भन्दछ । यसमा बाद्य संगीत सम्लग्न हुँदैनन् । अघिका ख्रीष्टियानहरुले परमेश्वरको निम्ति प्रशंसाका भजनहरु गाए । सयौं शताब्दी पछि मानिसहरुले बाद्य संगीत थपेका थिए । तर परमेश्वरले यसको व्यवस्था गर्नुभएको थिएन्, र परमेश्वरले यसलाई स्वीकार गर्नुहुन्न् । जसरी ख्रीष्टियानहरुले परमेश्वरलाई यन्त्रद्धारा प्रार्थना गरी उहाँलाई प्रशंसा गर्न सक्दैनन् त्यसरी नै ख्रीष्टियानहरुले बाद्य संगीतद्धारा परमेश्वरलाई प्रशंसा गर्न सक्दैनन् ।

(४) **तिनीहरु प्रभुभोजमा सहभागी हुन भेला हुन्थे ।** प्रेरित २०:७ मा हामीसँग यो उदाहरण छ । ख्रीष्टको शरीरको सम्फनामा रोटी भाँच्नुपर्छ र ख्रीष्टको रगतको सम्फनामा कचौरा, अंगुरको रस पिउनुपर्छ भनी हामीलाई मत्ती २६:२६-२८ र १ कोरिन्थी ११:२३-३० मा सिकाएको छ । हामीले यो आज पनि गर्नुपर्छ ।

(५) **तिनीहरुले आफ्ना भेटी दिए ।** पावलले गलातिया र कोरिन्थीका ख्रीष्टियानहरुलाई आज्ञा दिएका थिए, "प्रत्येक हप्ताको पहिलो दिन तिमीहरु हरेकले आ-आफ्नो कमाइअनुसार केही धन छुट्टयाएर जम्मा गर्दै राख्नू, ताकि म आउँदा भेटी संग्रह गर्नु नपरोस्" (१ कोरिन्थी १६:२) । त्यस्तै गरी २ कोरिन्थी ९:६,७ पनि पढ्नुहोस् ।

अघिका ख्रीष्टियानहरु प्रत्येक हप्ताको पहिलो दिन परमेश्वरलाई आराधना गर्न भेला हुन्थे (प्रेरित २०:७; १ कोरिन्थी १६:२) । तिनीहरुलाई चेतावनी दिएको थियो कि, "कति जनाको संगतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं । तर प्रभुको दिन नजीक आइरहेको तिमीहरुले देखेका हुनाले एउटाले अर्कालाई भन प्रोत्साहन देओ" (हिब्रू १०:२५) । अहिलेका ख्रीष्टियानहरुले पनि त्यही दिनमा त्यही आराधनाका क्रियाकलापहरुमा सम्लग्न भई त्यही हौसला पाउँछन् । मण्डलीको आराधना निकै सामान्य छ तापनि यसको सरलतामा धेरै ठोकर खाएका देखिन्छन् । तिनीहरु सोच्ने गर्दछन् कि आराधना लामो

हुनुपर्छ, परम्परा र औपचारिकतालाई मात्र खिच्नु हुँदैन्, दिक्क लाग्ने क्रियाकलापहरुमात्र भइरहेका छन, प्रार्थनाहरु डोऱ्याइरहेका हुन्छन् । यो आराधना होइनन् । आराधनाबारे परमेश्वरले आफ्ना इच्छाहरु प्रकट गर्नुभएको छ, न्युनतम रुपमा पनि मानिसलाई परिवर्तन गर्ने अनुमति दिइएको छैनन् । यसमा थप्न वा घटाउन सक्दैनन्, जसले यस्तो गर्दछन तिनीहरुमा प्रभुको श्राप आइपर्छन् । परमेश्वरले बोल्नुभएका कुराहरु उहाँका जनहरुले पालन गर्नैपर्छ । तब मात्र परमेश्वरलाई आराधनामा प्रशंसा र सम्मान मिल्दछन् ।

## प्रश्नहरु

**कृपया सही जवाफ दिनुहोस् ।**

(१) मण्डली के बाट बनेको हुन्छ?
(२) मण्डलीको उद्देश्य के हो?
(३) प्रभुको नाउँलाई के गर्नुपर्छ?
(४) नयाँ नियममा कति प्रकारका आराधनाबारे पढ्न पाउँछौं?
(५) धेरै मूर्तिहरुका बारे पावल अवलोकन गरिरहँदा उनी कहाँ थियो?
(६) पावलले तिनीहरुको आराधनाबारे के भन्यो?
(७) तिनीहरु व्यर्थमा परमेश्वरको आराधना गरिरहेका छन् भनी कसले भन्यो?
(८) किन तिनीहरुका आराधना व्यर्थका थिए?
(९) सत्यताको आराधना के हो?
(१०) आत्मा र सत्यतामा आराधना गर्नु भन्नाले के बुझ्नुहुन्छ?
(११) कस्तो प्रकारको आराधना परमेश्वरले आफ्ना जनहरुबाट चाहनुहुन्छ?
(१२) आराधनाका पाँच क्रियाकलापहरु लेख्नुहोस् ।
(१३) मानिसहरुसित परमेश्वर आज कसरी बोल्नुहुन्छ?
(१४) संगीत कति प्रकारका छन्?
(१५) परमेश्वरले चाहनुभएको संगीत कुन हो?
(१६) हप्ताको कुन दिन ख्रीष्टियानहरु भेला हुन्छन्?
(१७) के परमेश्वरको आराधना योजनामा थप्न वा घटाउन सकिन्छ?
(१८) प्रभु भोज के हो र ख्रीष्टियानहरुलाई यसले के अर्थ दिन्छ?

✝

पाठ-नौ

# मण्डलीको काम

## Work of the Church

मण्डली किन अस्तित्वमा छ? मण्डलीको उद्देश्य के हो? यसको कार्य के हो? यसको उत्तर पाउनको निम्ति हामी परमेश्वरको वचनमा जानुपर्छ । सर्वप्रथम, मण्डली संसारिक व्यापार, संसारिक विद्यालयहरु र अस्पतालहरु संचालन गर्ने कामहरुमा लाग्दैनन् । न त मण्डलीले पैसा कमाउने उद्देश्य राखी पुस्तकहरु प्रकाशन गरी विक्री गर्ने कार्यमा लाग्छन् । यी सबै कुराहरु असल हुन सक्छन्, र ख्रीष्टियानहरु व्यक्तिगतरुपमा ती कुराहरुमा सम्लग्न हुन सक्छन्, तर यो मण्डलीको काम होइन् । धेरै धार्मिक संसार यस्ता क्रियाकलापहरुमा ध्यान केन्द्रित गर्ने गर्दछन् र परमेश्वरको उद्देश्य अनुसारको बाइबलीय योजना र उहाँका जनहरुको कामलाई एक पाइला ताढा लिएर जान्छन् । मण्डलीको कार्यहरु निम्नि उल्लेखित छन् :–

**(१) सुसमाचार प्रचार गर्ने ।**

येशूको पुनरुत्थान पश्चात उहाँको स्वर्गारोहण हुनुभन्दा केही समय अघि येशूले प्रेरितहरुलाई सिकाउनुभयो, "यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबैकुरा पालन गर्न तिनीहरुलाई सिकाओ" (मत्ती २८:१९,२०) । "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१५,१६) । पावलले जवान प्रचारक तिमोथीलाई यसरी हौसला दिन्छन्, "वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ, धैर्यमा र शिक्षा दिने कुरामा नचुक" (२ तिमोथी ४:२) । यस्तै अरु सबै पदहरुले आधारभूत रुपमा यो संकेट गर्दछ कि सुसमाचार प्रचार भएको होस् भनी प्रभु इच्छा गर्नुहुन्छ ।

प्रेरितहरुका समयमा मण्डलीले के गऱ्यो? सदस्यहरुले त्यही गरे जुन प्रभुले तिनीहरुलाई गर भन्नुभएको थियो । तिनीहरुले वचन प्रचार गरे । पूर्णरुपमा प्रेरितको पुस्तकमा यसका उदाहरणहरुले भरिएका छन् । यी सबै रुपान्तरणका उदाहरणहरुमा प्रचारकले प्रभुको इच्छालाई सिकाउँदछ । कृपया प्रेरित २,८,९,१० र १६ अध्यायहरुलाई पढ्नुहोस् । तर कसले सिकाउने र प्रचार गर्ने कार्य गऱ्यो? यरुशलेममा प्रभुका जनहरुलाई ठुलो सतावट आएपछि, अभिलेख गरेको कुराले भन्दछ, "तब ती छरपष्ट भएकाहरुले चारैपट्टि गएर वचन प्रचार गरे" (प्रेरित ८:४) ।

तिनीहरुले के प्रचार गरे? पुनः तपाईले गर्नुपर्ने कुरा भनेको प्रेरितको पुस्तकमा उल्लेख गरेका जीवन परिवर्तनका उदाहरणहरुलाई पढ्नुहोस् र तपाईले आफ्नो निम्ति आफै देख्नुहुनेछ । छोटकरीमा, तिनीहरुले खीष्टको ईश्वरत्व, उद्धार पाउनको निम्ति कसैले के गर्नुपर्छ, मण्डलीको महत्व, आराधनाका विषयवस्तुहरु, खीष्टियान जीवनको महत्व इत्यादि सिकाए । पावल सारांशमा यसो भन्दछ, "किनकि क्रूसको सन्देश नष्ट भइरहेकाहरुका निम्ति मूर्खता हो, तर हामी उद्धार पाइरहेकाहरुका निम्ति परमेश्वरको शक्ति हो" (१ कोरिन्थी १:१८) ।

वचन प्रचार गर भनी प्रभुले आज्ञा गर्नुहुन्छ । परमेश्वरको वचन सुनाईद्धारा विश्वास आउँछ भनी पावल भन्दछ (रोमी १०:१७) । फेरी खीष्ट भन्नुहुन्छ, "तब तिमीहरुले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछौ" (यूहन्ना ८:३२) । पुनः "तर जसलाई विश्वास गरेकै छैनन् उहाँमाथि तिनीहरुले कसरी विश्वास गर्ने? र प्रचारकविना तिनीहरुले कसरी सुन्ने?" (रोमी १०:१४) । यी सबै कुराले मानिस हराएको अवस्थामा छ भनी भन्दछ (रोमी ३:२३; ६:२३), यसकारण परमेश्वरको प्रेम प्रचार गर्नुपर्छ (रोमी ५:८), मानिसको निम्ति मुक्तिदाता हुनुहुन्छ भनी देखाउँछ (यूहन्ना ३:१६), र परमेश्वरमा आज्ञाकारी भएर मानिस आफ्नो पापबाट बचाइन सक्छ (रोमी १:१६,१७; मर्कूस १६:१५,१६) । जसले परमेश्वरको इच्छालाई बेवास्ता गर्छन् वा आज्ञापालन गर्दैनन्, तिनीहरु नष्ट हुनेछन् (२ थेसलोनिकी १:७-९) । त्यसैले परमेश्वरको वचन प्रचार गर्नैपर्छ ।

**(२) उपकारको काम गर्ने ।**

हामीलाई परमप्रभुको वचनमा उदाहरण दिइएको छ कि खाँचोमा

परेकाहरुका बारेमा मण्डलीले चिन्ता गर्छ, र सहायता उपलब्ध भएसम्म मण्डलीले तिनीहरुलाई सहयोग गर्दछ । "तिनीहरुले आफ्ना सम्पति र मालमत्ता बेचीकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँडिदिन्थे" भनी प्रेरित २:४५ मा पढ्न पाउँछौं । निश्चय नै, यो स्वतन्त्र इच्छामा आधारित हुन्थ्यो । पुनः प्रेरित ६ अध्यायमा हामीले ग्रीक र हिब्रूहरुबिच विवाद भएको देख्छौं किनभने दैनिक खाद्य वितरणमा ग्रीक विधवाहरुलाई बेवास्ता गरेका थिए । यसकारण प्रेरितहरुले चेलाहरुलाई एकसाथ भेला गराएर तिनीहरुमाझ सात जना मानिसहरुलाई चुने ताकि तिनीहरुले मण्डलीको भौतिक काममा यो समस्यालाई सामना गर्न सक्छन् ।

यरुशलेममा भएका सन्तहरुलाई सहायता गर्नको निम्ति पावल गएको हामी पढ्न पाउँछौ । उनी भन्दछ, "किनकि यरुशलेममा हुने सन्तहरुमा जो गरीब छन्, तिनीहरुका निम्ति माकेडोनिया र अखैयामा मण्डलीहरुले केही भेटी दिएका छन्" (रोमी १५:२५,२६) । त्यसकारण पावलले कोरिन्थीमा भएका भाइहरुलाई लेख्दछ, "अब सन्तहरुका निम्ति भेटीको विषयमा गलातियाका मण्डलीहरुलाई मैले दिएको आदेशअनुसार तिमीहरुले गर्नू: प्रत्येक हप्ताको पहिलो दिन तिमीहरु हरेकले आ-आफ्नो कमाइअनुसार केही धन छुट्ट्याएर जम्मा गर्दै राख्नू, ताकि म आउँदा भेटी संग्रह गर्नु नपरोस" (१ कोरिन्थी १६:१,२) ।

कसलाई सहायता गर्नुपर्छ? स्वभावैले, मण्डलीमा आवश्यक परेकाहरुलाई सहायता गर्नुपर्छ । यसमा गरीब, बृद्ध मानिसहरु, विधवाहरु, आपतकालिन समस्या परेकाहरु, अनाथ ख्रीष्टियानहरु, र यस्तै अरु धेरै पर्दछन् । हामी पढ्न पाउँछौ, "यसकारण मौका पाएअनुसार हामी सबै मानिसहरुको भलाइ गर्दैजाऔ, विशेष गरी तिनीहरुको जो हाम्रो विश्वासका परिवारका हुन्" (गलाती ६:१०) । सबैलाई सहायतामात्र गर्ने होइनन् । १ तिमोथी ५ अध्यायमा हामी पढ्छौं कि जब आफैले आफैलाई सहायता गर्न सक्दैनन् भने त्यस्तो व्यक्तिलाई निरन्तररुपमा सहायता गर्नुपर्छ, जसको कुनै नातेदारहरु छैनन्, तिनीहरुलाई सहायता गर्न सक्दछन्, र त्यस्तो व्यक्ति विश्वासयोग्य भएको प्रमाणित हुनैपर्छ । यसकारण प्रभुको पैसालाई भेटभाव नगरी प्रयोग गर्नुपर्छ, माग्यो भन्दैमा जोसुकैलाई पैसा दिने मात्र होइनन् ।

मण्डलीका सदस्यहरुलाई मात्र केवल सहायता गर्ने होइनन्, तर

मण्डलीले सहायता उपलब्ध गर्न सक्यो भने सहायता पाउन योग्यका मानिसहरुलाई सहायता गर्न सक्छन् । कृपया याकूब १:२७ र याकूब २ अध्यायलाई पढ्नुहोस् । यसरी उपकारद्धारा मानिसहरुका माझमा सुसमाचार पुऱ्याउन सकिन्छ । तर यस्तो उपकारको कार्य गर्नको निम्ति सहयोग कहाँबाट आउँछ? विश्वासी सदस्यहरुबाट आउँछन, जसले इच्छुक भएर भेटी दिन्छन् (१ कोरिन्थी १६:१,२; २ कोरिन्थी ९:६,७) । यदि ख्रीष्टियानहरुले भेटी दिन असफल भयौ भने, आवश्यक परेकाहरुलाई मण्डलीले सहायता उपलब्ध गराउन सक्दैनन् ।

**(३) मण्डलीलाई सुदृढ गर्ने ।**

सुदृढ गर्नु भन्नाले निर्माण गर्नु, दह्रिलो बनाउनु, हौसला दिनु, मण्डलीका सदस्यहरुलाई आत्मिकरुपमा बृद्धि गराउनको निम्ति सहायता गर्नु हो । सुदृढ गर्ने यस्ता केही कुराहरु के-के हुन्? परमेश्वरको वचन, संगति, आराधनामा सहभागी हुने, एक अर्कालाई सहायता गर्ने, असल कार्यहरु गर्ने, प्रेम देखाउने इत्यादि हुन् । कृपया प्रेरित ९:३१; रोमी १४:१९; १ कोरिन्थी ८:१; १ थेसलोनिकी ५:११; १ कोरिन्थी १४:२६; २ कोरिन्थी १२:१९ र एफिसी ४:१२ पनि पढ्नुहोस् ।

निश्कर्षमा, विश्वव्यापी संगठनहरु नभईकन, मानिस मण्डलीको शिरको रुपमा नभईकन, र विशेष रकम संकलन नगरीकन मण्डलीले कसरी यस्तो कार्यहरु गर्न सक्छन् भनी धेरै मानिसहरु अच्चम पर्छन् । तर प्रभुको मार्ग नै सर्वश्रेष्ठ मार्ग हो । उहाँको कार्य गर्ने केवल एउटै मार्ग यही नै हो । उहाँको इच्छालाई पूरा गरेर मात्र परमेश्वरको प्रशंसा, सम्मान, र महिमा हुन सक्छ । यसरी हामीले यहि स्थानबाट हाम्रा उद्देश्यहरु पुरा गर्न सक्छौं । मण्डलीको शिर ख्रीष्ट हुनुहुन्छ । प्रत्येक झुण्ड लगाएत हरेक सदस्यहरुले आफ्नो भागको काम गर्नुपर्छ । सम्भव भएसम्म सदस्यहरुले आफ्नो भेटी दिनुभयो भने मात्र मण्डलीले आफ्नो कार्य गर्न सक्छन् ।

प्रचार गर्ने, आवश्यक परेकाहरुलाई सहायता गर्ने, मण्डलीका सदस्यहरुलाई सुदृढ गर्ने, यी सबै काम मानिसहरुका आत्मा बचाउने अभिप्रायले गर्दछन् । यी सबै कामद्धारा परमेश्वरको प्रशंसा हुन्छ । मण्डलीको कुनै विशिष्ट कार्य छैनन्, तर यी नै कार्यहरु हुन् । राजनीति र व्यापारले मण्डलीलाई कहिँ उत्तम स्थानमा पुऱ्याउँदैनन्, सामाजिक संगठनहरु परमेश्वरको वचनको निम्ति विदेशी जस्तै हुन् । प्रभुको मण्डली

आत्मिक शरीर हो, संसारमा छन् तर संसारको होइन्, मानिसलाई सेवा गर्न परमेश्वरको आज्ञा पालन गर्न खोज्दै, सबै सदस्यहरुका मुक्तिको निम्ति पवित्र र शुद्ध हुँदै, सृष्टिकर्त्ताको महिमाको निम्ति काम गर्छ । यो प्रभुको मण्डलीको कार्य र सेवाकाई हो ।

## प्रश्नहरु

**कृपया सही जवाफ दिनुहोस् ।**

(१) प्रभुको मण्डलीले कस्तो व्यापार गर्दैनन्?
(२) नाफाको निम्ति विविध प्रकारका व्यापारमा सम्लग्न हुँदैमा के धार्मिक संसार दोषी हुन्छन्?
(३) मण्डलीको काम के हो?
(४) मत्ती २८:१९,२० र मर्कूस १६:१५,१६ मा प्रभुको के आज्ञा छ?
(५) अघिका ख्रीष्टियानहरु छरपष्ट हुँदा के गरेका थिए?
(६) तिनीहरुले के-के प्रचार गरे?
(७) विश्वास कसरी आउँछ?
(८) के ले हामीलाई स्वतन्त्र पार्छ?
(९) मानिसले कसरी उद्धार पाउन सक्छ?
(१०) के खाँचोमा परेकाहरुलाई सहायताको बारेमा मण्डलीले सोच्दछ?
(११) यरुशलेममा भएका गरीब सन्तहरुलाई सहायता गर्न कसले योगदान दिए?
(१२) के सबैलाई सहायता गर्नुपर्छ?
(१३) कुन समुहका मानिसहरुलाई पहिलो प्राथमिकता दिनुपर्छ?
(१४) सहायताका निम्ति सीमाहरु के-के हुन्?
(१५) के मण्डलीले बाहिरका मानिसहरुलाई पनि सहायता गर्नुपर्छ?
(१६) खाँचोमा परेकाहरुलाई सहायता गर्ने रकम कहाँबाट आउँछ?
(१७) कोष रकम कहिले उठाउनुपर्छ?
(१८) सुदृढ गर्नु भन्नाले के बुझ्नुहुन्छ?
(१९) सुदृढ गर्ने कुराहरु के-के हुन्?
(२०) कसरी परमेश्वरको प्रशंसा र महिमा हुन सक्छ?
(२१) मण्डलीको शिर को हुनुहुन्छ?
(२२) के मण्डली संसारको हो?

✝

## पाठ-दश

# मण्डलीको एकता

## Unity of the Church

आजको धार्मिक संसार मण्डली एकताको बारेमा धेरै चिन्तित छन् । विश्वव्यापी आन्दोलनले सबै ठाउँका मानिसहरुका कल्पनालाई खिचिएको छ । यसको कारण यो छ कि संसारमा धेरै धार्मिक विभाजनहरु भएका छन्, प्रायजसो मानिसहरु यसबाट थकित भएका छन् । मानिसहरुका धार्मिक शरीरहरुका असहमतमा सहमत हुने कुराले कहिल्यै पनि एकतामा ल्याउन सक्दैनन् । केही हदसम्म एकता वा समानताको तथ्य भएता पनि अझै विभाजन भइरहेका छन् । यसकारण यसको उत्तर के हो? बाइबल आफैमा उत्तर छ । साँचो एकता कायम गर्नको निम्ति मानिसहरुका शिक्षा, सिद्धान्त, नाम, मण्डली, धर्मसारहरु, इत्यादिलाई पर राखी बाइबल अध्ययन गर्नुको साथै विश्वास र आज्ञा पालन गर्नुपर्छ । अनि मात्र साँचो एकता कायम हुन्छ, जुन एकताको निम्ति प्रभुले यूहन्ना १७ अध्यायमा प्रार्थना गर्नुभयो । जब मानिसहरुले यसो गर्दछन् तब तिनीहरु सबैले एउटै कुरामा विश्वास गर्दछन्, सबै उस्तै शिक्षामा आज्ञाकारी हुन्छन्, सबैले धर्मशास्त्रीय नाम अंगाल्दछन्, सबैजना एकैसाथ काम गर्दछन्, सबैले उस्तै कुरा सिकाउँदछन्, सबै जना स्वर्ग जान्छन् । जब मानिसहरुले मानिसलाई छोडेर खीष्टलाई पछ्याउन थाल्दछ, तब सामान्य रुपमा एकता कायम हुन्छ ।

धर्मशास्त्रले विभाजनलाई निन्दा गर्छ । दाजुभाइहरुका माझमा झगडा उठाउने र फूट हाल्ने मानिसहरुलाई परमेश्वरले घृणा गर्नुहुन्छ (हितोपदेश ६:१९) । कोरिन्थीको मण्डलीमा विभाजन भएको छ भनी १ कोरिन्थी १ अध्यायले भन्दछ । यस्तो कुरालाई प्रशंसा गर्नुको सट्टामा, यसको जरालाई नष्ट गर्नको निम्ति पावलले तत्कालै कदम चाल्यो । उनले यसो भन्दै शुरुवाट गरे, "भाइ हो, हाम्रा प्रभु खीष्टको नाउँमा म तिमीहरुलाई आग्रह गर्दछु, तिमीहरु सबै एक अर्कासित सहमत होओ, र

तिमीहरुको माझमा केही फूट नहोस् । तर तिमीहरु एकै मन र एकै विचारका होओ" (१ कोरिन्थी १:१०) । त्यसपछि उनले तीनवटा प्रश्नहरु अगाडी राखे, जसले तिनीहरुको स्वभाव गलत छ भन्ने कुरा देखायो । ती प्रश्नहरु यी थिए: के ख्रीष्ट बाँडिनुभएको छ? के पावल तिमीहरुका निम्ति क्रूसमा टाँगियो? के पावलको नाउँमा तिमीहरु बप्तिस्मा भयौ? यी तीनवटै प्रश्नहरुमा तिनीहरुले "होइन" भन्ने जवाफ दिनु पर्‍यो । यसकारण, उनले तिनीहरुको विभाजित अवस्थाको मूर्खता देखाए ।

त्यही प्रेरित पावलले रोममा भएका भाइहरुलाई लेख्दछ, "भाइ हो, म तिमीहरुलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि तिमीहरुलाई सिकाइएको धर्म-सिद्धान्तको विरुद्धमा फूट र बाधा-विघ्न सृष्टि गर्नेहरुलाई नजर राख, र तिनीहरुबाट अलग्गै बस । किनभने यस्ताहरुले ख्रीष्ट हाम्रा प्रभुको निमित्त होइन्, तर आफ्नै पेटको निम्ति सेवा गर्दछन्, र तिनीहरुको मीठो-मीठो बोली र कुराले सीधासाधाहरुका हृदयलाई धोखा दिन्छन" (रोमी १६:१७, १८) । उनले कलस्सी १:२०-२२ मा यसो भन्दछ, "यदि संसारका आधारभूत सिद्धान्तहरुप्रति ख्रीष्टसँग तिमीहरु मरेका छौ भने, यस संसारका जस्ता भई किन तिमीहरु बाँचिरहन्छौ? नियमहरुका अगि किन झुक्छौ? नसमात, नचाख, नछोओ । यी कुराहरु व्यवहार गर्दा गर्दै नै नष्ट भएर जान्छन् । यी कुराहरु मानिसहरुका आदेशहरु र सिद्धान्तहरुमा आधारित छन्" (मत्ती १५:९) ।

मानिसहरुका सिकाइ, आज्ञाहरु र सिद्धान्तहरु, मानिसहरुलाई उच्च पार्ने, बाइबललाई भन्दा मानिसहरुका पुस्तकहरुलाई पछ्याउने र स्वीकार गर्ने जस्ता सबै कुराहरुले विभाजन ल्याउँदछ । अर्कोतर्फ हेर्दा, कसैले येशूलाई मात्र पछ्याएर एकतामा पुगी आनन्द हुन सक्छन् । ख्रीष्टले यसरी प्रार्थना गर्नुभयो, "म यिनीहरुको निम्ति मात्र प्रार्थना गर्दिनँ तर तिनीहरुका सन्देशद्धारा ममाथि विश्वास गर्नेहरुका निम्ति पनि प्रार्थना गर्छु कि तिनीहरु सबै एक होऊन । हे पिता, जसरी तपाई ममा हुनुहुन्छ, र म तपाईमा, त्यसरी तिनीहरु पनि हामीमा होऊन, र तपाईले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस" (यूहन्ना १७:२०,२१) । के असम्भव कुराको निम्ति येशूले प्रार्थना गर्नुभयो? अवश्य पनि होइन् । त्यसो भए एकता हुन सक्छ । कहिले? जब हामी केवल ख्रीष्टलाई पछ्याउँछौ । मानिसले बनाएका शिक्षाले हामीलाई विभाजन गराउँछ तर

बाइबलको सिकाइले हामीलाई एकतामा ल्याउँदछ ।

एफिसी ४:१-६ मा हामी एकताको शुत्र पाउँछौ । यसलाई सुनौः "म प्रभुको निम्ति एक कैदी, तिमीहरुलाई आग्रहपूर्वक बिन्ति गर्दछु, कि जुन बोलावटमा तिमीहरु बोलाइएका छौ त्यही योग्यको जीवनयापन गर । सारा दीनता, नम्रता, र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहेर, शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर र शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ- जसरी तिमीहरु बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरुको बोलावटसँग गाभिएको छ- एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि सबैका र सबैमा हुनुहुन्छ ।" याद गर्नुहोस् कि एकताको निम्ति यो अन्तर बिन्ति हो । स्मरण होस् कि प्रत्येक कुराको सूचीमा एउटै कुरा मात्र पाउनुहुन्छ । एउटा भन्दा बढी थियो भनी कसले विचार गर्न सक्छन्?

ख्रीष्टले आफ्नो मण्डली स्थापित गर्नेछु भनी भन्नुभएको वचनमा मण्डलीको एकता देख्छौं (मत्ती १६:१८), यसको मतलव एउटै, जुन उहाँको आत्मिक शरीर हो (१ कोरिन्थी १२:२७), र उहाँ मण्डलीको शिर हुनुहुन्छ (कलस्सी १:१८) । निश्चय नै ख्रीष्टको एउटै शरीर र एउटै शिर हुने कुरामा कसैले निन्दा गर्न सक्दैनन् । मण्डलीलाई परमेश्वरको घराना वा परमेश्वरको परिवार भनी चित्रण गर्दछ (१ तिमोथी ३:१५) । तर कतिवटा घर वा परिवारहरु छन्? निश्चय नै एउटै छ । ख्रीष्टको राज्य वा परमेश्वरको राज्यमा ख्रीष्ट राजा हुनुभएको हामी पढ्न पाउँछौ (यूहन्ना ३:३-५; कलस्सी ४:११; १ तिमोथी ६:१५) । परमप्रभुको कतिवटा राज्यहरु छन् र त्यहाँ कति जना राजाहरु छन्? केवल येशू एक जनामात्र हुनुहुन्छ ।

निश्चय नै बाइबलले सम्प्रदायको विचारलाई विरोध गर्दछ, जुन विभाजन हो । बाइबलले एकता, एकत्व, पूर्णतालाई चित्रण गर्दछ । तिनीहरुको विश्वास र अभ्यासलाई मतलब नगरीकन बनाइएका मानिसहरुका धर्मको रहस्यमय शरीर मण्डली हो भनी बाइबलले चित्रण गर्दैनन्, तर मण्डली ख्रीष्टको अधिनमा छ भनी चित्रण गर्दछ, जुन बोलाइएका मानिसहरुबाट बनेको हुन्छ, जसले ख्रीष्ट र उहाँको आज्ञालाई पछयाएर उद्धार पाएका हुन्छन् । ख्रीष्ट विभाजन हुनुभएको छैन् न त

उहाँको मण्डली विभाजन भएको छ । विभाजन हुनु वा विभाजनलाई समर्थन गर्नु खीष्टलाई विरोध गर्नु र खीष्टको शरीरलाई टुक्रा-टुक्रा पार्नु हो । उहाँले विभाजनको निम्ति प्रार्थना गर्नुभएनन् ।

## प्रश्नहरु

**कृपया सही उत्तर दिनुहोस् ।**

(१) के मण्डलीले एकताको निम्ति आज आव्हान गरिरहेको छ?
(२) एकताको निम्ति त्यति चासो हुनुको कारण के छ?
(३) साँचो एकताको उत्तर के हो?
(४) एकता हुनको निम्ति मानिसले के गर्नुपर्छ?
(५) हामी एक होऔ भनेर कसले प्रार्थना गर्नुभयो?
(६) एकताको परिणाम कस्तो हुनेछ?
(७) के विभाजनलाई धर्मशास्त्रले निन्दा गर्छ?
(८) कुन कुरालाई प्रभुले घृणा गर्नुहुन्छ?
(९) कस्तो मानिसहरुका समुहलाई हामीले चिन्ह लगाउनुपर्छ?
(१०) खीष्टले के को निम्ति प्रार्थना गर्नुभयो?
(११) के उहाँले असम्भव कुराको निम्ति प्रार्थना गर्नुभयो?
(१२) एकताका शुत्रहरु के-के हुन्?
(१३) खीष्टले कतिवटा मण्डलीहरु स्थापना गर्नुभयो?
(१४) मण्डली के हो?
(१५) मण्डलीको शिर को हुनुहुन्छ?
(१६) के खीष्टको एक भन्दा बढी शिर र शरीर छन्?
(१७) परमप्रभुको कतिवटा परिवार छ?
(१८) परमेश्वरको वचनले हामीलाई विभाजन गर्छ कि एकतामा ल्याउँछ?

✝

**"शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ— जसरी तिमीहरु बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरुको बोलावटसँग गाभिएको छ— एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि सबैका र सबैमा हुनुहुन्छ ।" (एफिसी ४:१–६)**

पाठ-एघार

# मण्डलीको धर्मसार

## Creed of the Church

अंग्रजी शब्द क्रिड (Creed) लाई अनुवाद गरेर नेपाली शब्द धर्मसार आएको हो । क्रिड ल्याटिन शब्द क्रिडोबाट आएको हो । जसलाई यसरी परिभाषित गर्दछ, "धार्मिक विश्वासको आधिकारिक शुत्र; धार्मिक विश्वासको कुनै पनि स्वीकार वा नियम; दाबी गरिएको वा पालन गरिएका विचारहरु वा सिद्धान्तहरुको निष्कर्ष हो ।" जब कसैले धर्मसारको बारेमा सोच्दछन् भने प्रायजसो मानिसहरुले "प्रेरितहरुका धर्मसार" र "नाइसियाको धर्मसार" बारे सोच्दछन् । तैपनि, हामीले तिनीहरुबारे बाइबलमा भेट्टाउँदैनौं । यसबाहेक, मानव निर्मित हरेक मण्डलीहरुमा आफैले बनाएका अनुशासनहरु, विश्वासको स्वीकार इत्यादि मानिसले बनाएका आफ्नै धर्मसारहरु हुन्छन्, यी कुराहरु परमेश्वरको वचनमा पाउँदैनौं ।

यसरी सुझाव दिँदा उपयुक्त हुन्छ कि बाइबलमा लेखिएको भन्दा कुनै धर्मसारमा धेरै कुरा समावेश छन् भने त्यसमा ज्यादै समेटेको हुन्छन । बाइबलमा लेखिएको भन्दा कुनै धर्मसारमा कम समेटेका छन् भने ज्यादै कम समावेश गरेको हुन्छन । प्रकाश २२:१८,१९ र गलाती १:६-९ को तथ्यले दवाव दिन्छ कि परमेश्वरको वचनमा हामीले थप्नु वा घटाउनु हुँदैनन्, र त्यसको निम्ति हामीले प्रतिस्थापन पनि गर्नु हुँदैनन् । धर्मशास्त्र पूर्ण (२ तिमोथी ३:१६,१७), र सिद्ध छ (याकूब १:२५) । हामीले केवल परमेश्वरको वाणी बोले जस्तै गरी बोल्नुपर्छ (१ पत्रुस ४:११) । यस कारण कुनै आधिकारिक पुस्तकहरु वा थप अरु पुस्तकहरुको आवश्यकता पर्दैनन् ।

मानिसहरुले परमेश्वरको वचनलाई नपछ्याएको कारणले गर्दा आजको धार्मिक संसार विभाजन भएको होइन्, तर तिनीहरुले मानिसहरुका धर्मसारलाई स्वीकार गरेका छन् । हरेक मण्डलीहरुमा आफ्नै नियमहरुका पुस्तक हुनुपर्छ भनी विवाद गर्दछन् । बाइबललाई त्यागेका छन् भनी

यसले आफै स्वीकार गर्दछ । यो कति दुःख लाग्दो कुरा हो । यसकारण एकताको निम्ति हाम्रो बिन्ति भनेको तिनीहरुले मानव निर्मित पुस्तकहरुलाई एक ठाउँमा पन्छाएर परमेश्वरको वचन, बाइबलमा फर्कनुपर्छ । बाइबलले हामीलाई विभाजन गर्दैनन् तर येशू ख्रीष्टमा हामीलाई एक पार्दछन् ।

प्रभुको मण्डलीको धर्मसार के हो? हामीसँग ख्रीष्ट बाहेक अर्को कोही मुक्तिदाता हुनुहुन्न् र बाइबल बाहेक अरु कुनै धर्मसार छैनन् । धर्ममा हाम्रा विचारहरु र सोचहरु व्यर्थका छन् । हामीसँग बाइबलको व्यक्तिगत व्याख्या छैनन् । हामीसँग भएको सबै कुरा नै बाइबल हो । हामीले यसको शिक्षालाई पालन गरेका छौ र अरुहरुले पनि यसलाई पालन गर्नको निम्ति बाटो देखाउँछौं । एक हुनको निम्ति सबैले बाइबल पढ्न, अध्ययन गर्नको निम्ति हामी अनुरोध गर्छौं (यूहन्ना ५:३९; २ तिमोथी २:१५), बाइबलले सिकाए अनुसार आज्ञा पालन गर्नको निम्ति हामी सबै ठाउँका मानिसहरुलाई हौसला दिन्छौं ।

हामीले पछ्याउनुपर्ने थप अरु कुनै पुस्तकहरु छैनन् । बाइबल समानको नियम कानुनहरुका पुस्तक लेख्न सक्ने कोही व्यक्ति जीवित छ भनी हामी विश्वास गर्दैनौं । यस्तो पुस्तक लेख्नको निम्ति प्रभुले कसैलाई अधिकार दिनुभएको छ भनी हामी विश्वास गर्दैनौं । यस्तो पुस्तक लेख्नको निम्ति कसैलाई पवित्र आत्माले प्रेरणा दिनुभएको छ भन्ने कुरामा पनि हामी विश्वास गर्दैनौं ।

यो परमेश्वरको वचन र केवल परमेश्वरको वचन हो, जुन परमेश्वर र उहाँको प्रेरणाद्धारा आएको छ, र यसले नै हामीलाई उद्धार गर्छ । यो परमेश्वरको वचन हो जसले हामीलाई अन्तिम दिनमा इन्साफ गर्नेछ (यूहन्ना १२:४८) । यस कारण धार्मिक विषयहरुमा यसलाई हाम्रो अगुवाईको रुपमा स्वीकार गर्दछौं र अरुलाई पनि त्यसै गर्नको निम्ति हामी हौसला दिन्छौं । सत्य सिक्नको निम्ति हामी बाइबलमा जानुपर्छ किनकि यसमा सत्य छ (यूहन्ना १७:१७; यूहन्ना ८:३२) । तपाई सत्यताको स्रोतमा नपुगुन्जेलसम्म तपाईले सत्यता पाउन सक्नुहुन्न् । यसकारण सत्यतामा विश्वास गर्नको निम्ति, तपाईले सत्य सुन्नै पर्छ (रोमी १०:१७) । बहुसंख्यक मानिसहरु धार्मिक विषयमा धोका भएको कुनै अच्चमको कुरा होइनन् । धार्मिक संसारमा धेरै विभाजन र अलमल्ल भएको कुनै अनौठो कुरा होइनन् । प्रभुबाट भन्दा पनि मानिसबाट सहायता खोज्न थाले ।

बाइबलको लेखको सट्टामा मानिसहरु मानिसहरुकै शिक्षामा फर्किन थाले। निश्चय नै मानिसहरु उद्धार पाउनको निम्ति बाइबलमा फर्किनै पर्छ।

मण्डलीको सत्यता सिक्नको निम्ति मानिसहरु बाइबलमा फर्कनको निम्ति हामी हौसला दिन्छौं। संसारमा विविध प्रकारका मण्डलीहरु छन्। कुन चाहिँ सही हो? के कसैले हरेकको बारेमा अलग्गै अध्ययन गर्नुपर्छ? होइन्, कोही मानिस मण्डलीको सत्यता बताउने पुस्तकमा फर्किजानुपर्छ। जब कसैले प्रभुको मण्डलीको सत्यता सिक्दछ, तब बाइबलको शिक्षालाई कहाँ र कसरी पछ्याउने भन्ने बारेमा उनलाई कुनै समस्या हुँदैनन्।

उद्धार पाउनको निम्ति कसैले के गर्नुपर्छ भन्नेबारे सत्य सिक्नको निम्ति कोही मानिस बाइबलमा जानुहोस् भनी हामी हौसला दिन चाहन्छौं। मानिसहरुका शिक्षा अनुसार उद्धार पाउने धेरै मार्गहरु छन्, तर जब कोही परमेश्वरको पुस्तकमा जानुहुन्छ भने कसैले सत्य सुन्नै पर्छ, त्यसलाई विश्वास गर्नै पर्छ, आफ्ना पापहरुबाट पश्चात्ताप गर्नै पर्छ, र पाप क्षमाको निम्ति बप्तिस्मा लिनुपर्छ भन्ने सामान्य भनाइहरु पाउनुहुन्छ (मर्कूस १६:१५,१६; प्रेरित २:३८)। मानिसले जे भन्दछ, त्यसले मण्डलीलाई के फरक पार्दछ? उद्धार गर्नुहुने परमप्रभु नै हुनुहुन्छ। यसकारण उद्धार पाउनको निम्ति कसैले उहाँको वचन सुनेर आज्ञा पालन गर्नैपर्छ।

परमेश्वरलाई कसरी आराधना गर्ने भन्नेबारे सिक्नको निम्ति मानिस बाइबलमा नै जानुहोस् भनी हामी हौसला दिन्छौं। मानिसले भनेका कुरासँग विपरित हुँदै, आराधना गर्ने धेरै मार्गहरु छैनन्। बाइबलले केवल एउटै मार्ग छ भनी सिकाउँदछ र प्रभुले उहाँको वचनमा कसरी आराधना गर्ने भनी विशिष्ट रुपमा भन्नुभएको छ (यूहन्ना ४:२४)।

यी वूँदाहरु मात्र नभईकन, मुक्ति, जीवन र ईश्वरभक्तिसँग सम्वन्धित सबै विषयको सत्यताको निम्ति सबैजना बाइबलमा जानको निम्ति हामी विन्ति गर्दछौं। बाइबललाई कसैले बुझ्न सक्दैनन् भनी भन्दछ भने निश्चय नै नबुझ्न सक्दछ, तर यो सत्य होइन्, मानिसले यस्तो प्रभावलाई छोड्नुपर्छ। मानिस बाइबलबाट ताढा बसेर नष्ट भएको होस् भनी दियाबलस चाहन्छ। तर उद्धार पाउनको निम्ति उ बाइबलमा आउनै पर्छ, त्यसलाई विश्वास गर्नैपर्छ, र धार्मिक कुराहरुमा केवल बाइबल नै उनको मार्गदर्शन हुनुपर्छ। केवल त्यसरी नै उनको उद्धार हुन्छ, अनि यसरी नै उनी सही हुन सक्छ।

हाम्रो धर्मसार के हो? येशू ख्रीष्ट र उहाँको वचन नै हो । उहाँ बाहेक अरु केही छैनन् । ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्थ्यो र उहाँको वचन नै आखिरी हो भनी हामी विश्वास गर्छौं । हामी बाइबलमा विश्वास गर्छौं र केवल बाइबललाई मात्र पछ्याउँछौं । अरुलाई पनि ठिक त्यही गर्नको निम्ति हामी आग्रह गर्छौं । मानिसहरुका धर्मसारले केवल तपाईलाई एउटै स्थान नरकमा डोऱ्याउँछ । येशूले भन्नुभयो, "बाटो, सत्य, र जीवन म नै हुँ, मद्धारा बाहेक कोही पनि पिता कहाँ आउन सक्दैनन्" (यूहन्ना १४:६) ।

## प्रश्नहरु

**कृपया सही जवाफ दिनुहोस् ।**

(१) धर्मसारको परिभाषा दिनुहोस् ।
(२) मानव निर्मित सम्प्रदायहरुमा के छन्?
(३) जसले वचनमा थप्छ वा घटाउँछ, तिनीहरुलाई के हुनेछन्?
(४) के धर्मशास्त्र पूर्ण र सिद्ध छ?
(५) हामी कसरी बोल्नुपर्छ?
(६) के अधिकारको निम्ति कुनै थप पुस्तकहरुका आवश्यतकता पर्दछ?
(७) आजको धार्मिक संसार किन विभाजन भएका छन्?
(८) के बाइबलले हामीलाई विभाजन गर्छ?
(९) प्रभुको मण्डलीको धर्मसार के हो?
(१०) के तपाईका विचार र मतहरु कुनै मूल्यको छ?
(११) के धर्मशास्त्रले हामीलाई व्यक्तिगतरुपमा व्याख्या गर्ने अधिकार दिन्छ?
(१२) के कुनै जीवित मानिसले बाइबल बराबरको अरु कुनै पुस्तक लेख्न सक्छन्?
(१३) परमेश्वरको वचन कहाँबाट आयो?
(१४) आखिरी दिनमा कुन वचनले हामीलाई न्याय गर्नेछ?
(१५) सत्यता के हो? सहायताको निम्ति मानिस कहाँ जानुपर्छ?
(१६) मण्डलीको सत्यताबारे सिक्न हामी कहाँ जानुपर्छ?
(१७) के उद्धार पाउने अरु कुनै मार्गहरु छन्?
(१८) उद्धार पाउनको निम्ति मानिसले के गर्नैपर्छ भनी बाइबलले भन्दछ?
(१९) आराधनाको बारेमा उहाँको वचनमा प्रभुले के प्रकट गर्नुभएको छ?
(२०) के बाइबललाई बुझ्न सकिन्छ?
(२१) हामी सबैले बाइबललाई कसरी बुझ्न सक्छौं?
(२२) स्वर्गको निम्ति केवल एउटै मार्ग को हुनुहुन्छ?
(२३) झुटा शिक्षकहरुका बारेमा बाइबलले के भन्दछ? ✝

## पाठ-बाह्र

# मण्डलीको इतिहास

## History of the Church

प्रभुको मण्डली स्थापनाको घटनालाई प्रेरित २ अध्यायमा संकलन गरिएको छ । प्रेरितहरु यरुशलेममा थिए, पवित्र आत्मा तिनीहरुमा आउनुभयो, मानिसहरु धेरै राष्ट्रहरुबाट प्रतिनिधित्व गरी आएका थिए, किनभने तिनीहरु पेन्तिकोस चाडको निम्ति भेला भएका थिए । ख्रीष्ट मर्नुभयो र आखिरी दिनहरुको शुरुवाट भयो भनी योएल अगमवक्ताद्धारा बोलिएका वचनहरु पूरा भयो भनी पत्रुस र अरु प्रेरितहरुले घोषणा गरे । पश्चात्ताप र पाप क्षमाको प्रचार गऱ्यो, करिब ३,००० मानिसहरुले सुसमाचार सुनेर बप्तिस्मा लिए, अनि प्रभुले तिनीहरुलाई आफ्नै मण्डलीमा थप्नुभयो । त्यसपछि यसलाई स्वर्गमूनिका हरेक प्राणीले नसुनुन्जेलसम्म सुसमाचार यरुशलेम भएर यहूदीया, सामरिया, र अन्तमा पृथ्वीका सबै भागहरुमा पुगे (प्रेरित १:८; मत्ती २८:१८-२०; मर्कूस १६: १५,१६; कलस्सी १:२३) ।

प्रेरितहरुका दिनहरुमा मण्डली फस्टाउँदै गए र तीव्र रुपमा फैलिए । पावलको जीवन परिवर्तन पश्चात उनले तीनवटा प्रचार यात्रा गरे । उनले यहूदीहरुलाई मात्र नभइकन अन्यजातिहरुलाई पनि सुसमाचार प्रचार गरे । जसको परिणाम स्वरुप धेरै ख्रीष्टमा रुपान्तरण भए, प्रभुको मण्डलीका झुण्डहरु एशिया र युरोपभरी स्थापना भए । तर यो त्यत्ति सजिलो थिएन्, किनभने त्यहाँ धेरै सतावटहरु आए । सर्वप्रथम, मण्डलीको सतावट यरुशलेमबाट शुरु भयो । यसले गर्दा चेलाहरु विदेशतिर छरपष्ट भएर वचन प्रचार गर्न थाले (प्रेरित ८:१-४) । समय बित्दै गएपछि रोमीहरुले आफ्ना समस्याहरुका अभियोग ख्रीष्टियानहरु माथि लगाए । रोमी साम्राज्य र रोमभरी तिनीहरुका खेल तमाशा गर्ने ठाउँहरुमा खेलको रुपमा तिनीहरुलाई सजाएँ दिए । अन्तमा पावललाई कैद गरियो र जाँचको निम्ति रोम लगियो । संसारिक

इतिहासले हामीलाई बताउँदछ कि यूहन्ना बाहेक अरु सबै प्रेरितहरु ख्रीष्टको नाउँको खातिर शहिद भए । सयौं, हजारौं र लाखौं ख्रीष्टियानहरुले आफ्ना जीवन गुमाए ।

सतावट आएता पनि मण्डली बढ्दै फैलिदै गए । खेदो सतावटको कारणले गर्दा मण्डली व्यापक रुपमा फैलिएको प्रमुख कारण होइनन्, तर मण्डली आफैले यसको पहिलो स्थान लिएको थियो । विश्वासबाट पतन हुने दिन आउनेछन् भनी प्रेरित पावलले अगाडी नै भनिसकेको थियो । अर्को शब्दमा उनी भन्दछन् कि समय आउनेछन् जब प्रभुको मण्डलीका धेरै सदस्यहरु गलततर्फ बहकिएर जानेछन् । आउनुहोस् उनी के भन्दछन्, त्यसलाई याद गरौं: "भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टका आगमनका विषयमा र उहाँलाई भेट्न हामी एकसाथ भेला हुने विषयमा हामी तिमीहरुलाई बिन्ति गर्दछौ, कि कुनै अगमवाणी वा वचन वा कुनै पत्रले प्रभुको दिन नजीक आएको छ भनी बतायो भने, ती हामीबाट आएका भन्ठानेर तिमीहरुको मन चाँडै विचलित नहोस् अथवा तिमीहरु नआत्तिओ । कसैले कुनै किसिमले तिमीहरुलाई धोखा नदिओस् । किनकि पहिले विद्रोह नभएसम्म पापको मानिस, अर्थात सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन आउनेछैन् । त्यसले ईश्वर कहलिएका सबै अथवा पूज्य वस्तुहरुको विरोध गर्छ र तीभन्दा आफैलाई उच्च तुल्याउँछ, यहाँसम्म कि आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ । के तिमीहरुलाई याद छैन, म तिमीहरुसँग छँदा नै मैले यी कुराहरु तिमीहरुलाई भनेको थिएँ? त्यो आफ्नो समयमा प्रकट होस् भन्ने हेतुले कुन कुराले त्यसलाई अहिलेसम्म रोकिराखेको छ, यो तिमीहरु जान्दछौ । किनकि अधर्मको रहस्यले अघिबाटै काम गरिरहेछ । अहिलेसम्म जसले त्यसलाई रोकिराख्नुभएको छ, उहाँ नहटुञ्जेल त्यसलाई रोकी नै राख्नुहुनेछ । तब त्यस पापको मानिस प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको सासले नाश पार्नुहुनेछ, र उहाँको आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ । शैतानको कामकाज बमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरु र चमत्कारसहित, र नाश हुनेहरुलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरुले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे । यसैकारण तिनीहरुले झुटा कुरामा विश्वास गरुन् भनेर परमेश्वरले तिनीहरुमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द

मनाउने सबै जना दोषी ठहरिऊन्" (२ थेसलोनिकी २:१-१२) । त्यही समयदेखि नै तिनीहरुका बीचमा दुष्ट कुराहरुको शुरुवाट भइसक्यो भनी पावल भन्दछ । उनी भन्दछ, "पवित्र आत्मा प्रष्टै भन्नुहुन्छ, कि पछि आउने समयमा छली आत्मा र भूतप्रेतका सिद्धान्ततिर मन लाएर कोही विश्वासबाट तर्किजानेछन् । भुट बोल्ने मानिसहरुका छलद्धारा नै यो हुनेछ, जुनहरुमा विवेक तातो फलामले डामेको जस्तो हुन्छ । तिनीहरु विवाह निषेध गर्छन् । विश्वास गर्नेहरु र सत्य जान्नेहरुले धन्यवादसाथ ग्रहण गर्नुपर्ने परमेश्वरले सृजनुभएका भोजनहरुबाट अलग्ग बस्ने आदेश दिन्छन्" (१ तिमोथी ४:१-३) । एफिससको मण्डलीका एल्डरहरुसित बोल्दै पावल भन्दछ, "तपाईहरु आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस् । पवित्र आत्माले तपाईहरुलाई बगालका जिम्मावाल बनाउनुभएको हुनाले उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाहा तपाईहरु गर्नुहोस् । किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरु तिमीहरुका माभमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैनन् ।  तपाईहरुकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरु उठ्नेछन्, जसले चेलाहरुलाई आफ्ना पछि लैजानेछन् । यसकारण यो सम्भेर होशियार हुनुहोस्, कि तीन वर्षसम्म दिनरात आँसु बगाउँदै हरेक मानिसलाई मैले चेताउनी दिइरहें" (प्रेरित २०:२८-३१) ।

पावलले चेतावनी दिए जस्तै मण्डली भित्रका मानिसहरु नै खडा भएर ख्रीष्टका धेरै अनुयायीहरुलाई ताढा लिएर जान थाले । मण्डलीको संगठन वा शासनको आक्रमणसित विश्वासबाट पतन हुने कुराको शुरुवाट भयो भनी संसारिक इतिहासले हामीलाई भन्दछ । आफ्नै मण्डलीका एल्डरहरु र डिकनहरुसित हरेक भुण्ड अरु भुण्डहरुबाट स्वतन्त्र हुनुपर्छ भन्ने प्रभुको योजना थियो । तैपनि, समय बित्दै गएपछि यी धेरै भुण्डहरुले एकजना एल्डर वा बिशपलाई अरु व्यक्तिहरु भन्दा उच्च पार्न थाले, र अन्तमा यी बिशपहरुमध्ये एक जनालाई धेरै भुण्डहरुमाथि नियम, शासन गर्न अनुमति दिइयो, यसको अन्तिम परिणाममा सम्पूर्ण मण्डलीलाई राज गर्नको निम्ति विश्वव्यापी विशपको नियुक्त भयो । निश्चय नै यो घटना एकै रातमा भएनन्, तर धेरै वर्षहरुका अन्तरालमा भएको थियो । परिणाम स्वरुप क्याथोलिक मण्डलीबाट यसरी इ.स. ६०६ मा मण्डलीको धर्मत्यागी क्षेत्रमा पहिलो विश्वव्यापी बिशप पोप नियुक्त भयो । प्रभुको मण्डलीलाई के भयो? विश्वासयोग्य भएकाहरुले निरन्तरता

दिए, शायद सम्पूर्णरुपमा तिनीहरुलाई ध्यान नदिएको देखिन्छ, तर उहाँको राज्य वा मण्डली सदाकालको निम्ति खडा हुनेछन् भनी प्रभुले प्रतिज्ञा गर्नुभएको थियो, र यो यसरी खडा भयो ।

धार्मिक संसारबारे चिन्तन गर्दा क्योथोलिक मण्डलीले अधिकार गरेको देखियो । तथ्यपूर्णरुपमा हेर्दा यसले संसारलाई नियन्त्रण गऱ्यो, त्यसपछिका सयौं वर्षहरुलाई अन्धकारको युग भनेर चिनिन्छ । यो किन भयो भने क्याथोलिक मण्डलीले सामान्य मानिसहरुलाई बाइबल पढ्न अनुमति दिएनन्, केवल पूजाहारीहरु मात्र बाइबल पढ्न र बुझ्न योग्यका छन् भन्न थाले र तिनीहरुले मात्र साधारण मानिसहरुलाई बाइबल सिकाउनु पर्दछ भन्न थाले । स्वभाविक रुपले यसको यो अर्थ लाग्छ कि मानिसहरुलाई जे थाहा दिनुपर्ने हो तिनीहरुले केवल त्यतिमात्र मानिसहरुलाई बताउँथे ।

यो समयको अवधिमा बाद्य संगीत र छर्किने बप्तिस्माको कारणले गर्दा क्याथोलिक मण्डली रोमन र ग्रीक हाँगाहरुमा विभाजित भए । समय बित्दै जाँदा रोमन क्याथोलिकको परिषदहरु भएर त्यसको प्रणालीमा अरु धेरै शिक्षाहरु र सिकाइहरु थपिए । अन्तमा इ.सं. १,५०० मा क्याथोलिक मण्डली सैद्धान्तिक र नैतिकरुपमा यति भ्रष्ट भइसकेको थियो कि मार्थिन लुथर नामक व्यक्ति आफै क्याथोलिक पूजाहारी भइकन मण्डलीको सुधार गर्न खोज्यो । यद्यपि, उनलाई मण्डलीबाट बहिष्कृत गरेको थियो, उनले सिकाएका र अभ्यास गरेका कुराहरु बाइबल अनुसार ठीक जस्तो लागेर उनले क्याथोलिक मण्डली छोडे । यसबाट सुधारवाद आन्दोलन वा विरोधवादी आन्दोलनको उदय भयो । यसबाट हामीलाई थाहा भए अनुसारको आधुनिक दिनका सम्प्रदायवादको उदय भयो । लुथरले लगाएको झिल्कालाई निभाउन खोज्दा संसारका विभिन्न भागहरु बाइबलमा फर्केर जाने निधो गरे । यस्तो भएता पनि तिनीहरु पूर्णरुपमा सफल भएनन् ।

सत्रौं र अठारौं सयौंमा युरोप लगाएत अमेरिकामा सम्प्रदायहरु थिए जो विभाजन र अलमल्लबाट थकित भइसकेका थिए । बिस्तारै तिनीहरुले गलतलाई छोडेर पूर्णरुपमा बाइबलमा फर्कने सोच गरे । नयाँ मण्डली शुरुवाट गर्ने तिनीहरुको इच्छा थिएन् तर तिनीहरु धर्मशास्त्रमा पढ्न पाउने एउटै मण्डलीमा फर्केर जानु थियो । त्यही समय देखि संसार

वरपरका लाखौं मानिसहरुले मानिसहरुका शिक्षालाई छोडेर सामान्य खीष्टियान हुन र प्रभुको मण्डलीको सदस्य हुनुको साथै बाइबल नै तिनीहरुका केवल मार्गदर्शनको निम्ति शुद्ध नयाँ नियमको खीष्टियानिटीको बिन्ति सुन्न थाले । खीष्टियानहरु संसारका सबै भु-भागहरुमा सत्यता प्रचार गर्न गएका छन्, र अफ्रिका, भारत, रसिया, पोल्याण्ड र अरु धेरै स्थानहरुमा पहिले नै मण्डली र त्यसको शुद्धताहरु अस्तित्वमा रहेको भेट्टाइयो । यसकारण मण्डली आज पनि अस्तित्वमा छ जसरी यो पहिले नै अस्तित्वमा थियो । यहि नै बाइबलको मण्डली हो भनी प्रमाणित गर्नको निम्ति शुरुवाटदेखि सबै चिन्हहरुलाई पहिल्याउनु आवश्यक छैनन् । मण्डलीको ढाँचा बाइबलमा छ र जब हामी यसलाई पछ्याउँछौ, हामी प्रभुको मण्डलीमा हुन्छौं । परमेश्वरको वचन बीउ हो (लूका ८:११) र यसले आज पनि त्यही कुरा उत्पादन गर्छ जुन प्रेरितहरुका दिनमा उत्पादन गरेको थियो- खीष्टियानहरु र खीष्टको मण्डलीका सदस्यहरु हुन । प्रभुको मण्डली सदाकालसम्म खडा हुनेछन् भन्ने बारेमा हामीलाई थाहा छ । यसैकारणले गर्दा यो स्थापना कालको कुनै समयदेखि नै अस्तित्वमा थियो र यो निरन्तररुपमा सदाकालको निम्ति खदा हुनेछ । यो प्रभुको राज्य हो, उहाँको मण्डली, शुरुदेखि अन्त्यसम्म विजयी हुनेछ, र प्रभुसँग सदाकालको निम्ति वास गर्नेछ ।

## प्रश्नहरु

**कृपया सही जवाफ दिनुहोस् ।**

(१) बाइबलमा प्रभुको मण्डली स्थापना भएको कथा हामी कहाँ पढ्न पाउँछौ?

(२) मण्डली कुन शहरमा स्थापना भयो?

(३) त्यो समयमा कति जना मानिसहरु मण्डलीमा थपिए?

(४) सुसमाचार अरु कुन ठाउँमा प्रचार गरियो?

(५) पावलले कतिवटा सुसमाचार प्रचार यात्रा गरेको थियो?

(६) के पावलले यहूदीहरुलाई मात्र प्रचार गरेको थियो?

(७) कुन दुईवटा महादेशहरुमा पावलको कामको परिणामबाट झुण्डहरु स्थापना भए?

(८) चेलाहरु विदेशमा छरपष्ट हुँदा तिनीहरुले के गरेका थिए?

(९) प्रभुको मण्डलीलाई कसले खेदो गऱ्यो?
(१०) तिनीहरुको विश्वासको कारणले गर्दा कति जना प्रेरितहरुलाई मृत्युदण्ड दिइयो?
(११) के सतावटको कारणले पनि मण्डलीको बृद्धि भयो?
(१२) मण्डलीमा कसरी आक्रमण गरियो?
(१३) इ.सं. ६०६ मा के भयो?
(१४) आखिरी दिनहरुमा के हुनेछन् भनी पावलले चेतावनी दियो?
(१५) किन सयौं वर्षहरुका समयलाई अन्धकारको युग भनियो?
(१६) कुन दुई वटा हाँगाहरुमा क्याथोलिक मण्डली विभाजन भयो?
(१७) क्याथोलिक मण्डलीलाई सुधार गर्न खोज्ने व्यक्ति को थियो?
(१८) किन लुथरले सुधार गर्न खोज्यो?
(१९) यसबाट कुन आन्दोलनको शुरुवाट भयो?
(२०) के तिनीहरु पूर्णरुपमा बाइबलमा फर्कन सफल भए?
(२१) सत्रौं र अठारौं सय वर्षहरुसम्म के भयो?
(२२) प्रभुको मण्डलीको ढाँचा अनुसार यी मानिसहरु बाइबलमा फर्कदा के तिनीहरुले नयाँ मण्डलीको शुरुवाट गरे?
(२३) के संसारका अरु भागहरुमा ख्रीष्टियानहरुले त्यही मण्डली भेट्टाए?
(२४) के साँचो ख्रीष्टको मण्डली आज अस्तित्वमा छ?

✝

## नयाँ नियमको सेवा आराधना

(१) तिनीहरु वचन अध्ययन गर्न भेला हुन्थे ।
(२) तिनीहरुले प्रार्थना गरे ।
(३) तिनीहरुले प्रशंसाका भजनहरु गाए ।
(४) तिनीहरु प्रभुभोजमा सहभागी हुन भेला हुन्थे ।
(५) तिनीहरुले आफ्ना भेटी दिए ।

## मण्डलीको कार्यहरू

(१) सुसमाचार प्रचार गर्ने ।
(२) उपकारको काम गर्ने ।
(३) मण्डलीलाई सुदृढ गर्ने ।

## पाठ-तेह्र

# आजको मण्डली

## The Church Today

करिब दुई हजार वर्ष अगाडी प्रभुको मण्डली स्थापना भएको थियो (प्रेरित २), यो पहिल्यै जस्तो थियो, आज पनि त्यस्तै अवस्थामा छ । यो कसरी सम्भव होला भनी तपाईले सोध्न सक्नुहुन्छ । सामान्यरुपमा नयाँ नियमको मण्डलीको ढाँचालाई पछ्याएको छ ।

वर्तमान समयको मण्डली प्रभुले स्थापना गर्नुभएको शुरुको मण्डली जस्तै हो भनी प्रमाणित गरी कसैलाई प्रभाव पार्नको निम्ति वर्षौ देखिका कुराहरुलाई लिएर पेन्तिकोसको दिनसम्म फर्केर जानुपर्छ भनी कसैले भन्दछ । यद्यपि, यो कुरा सत्य होइनन् । पहिलो स्थानमा, उहाँको राज्य वा मण्डली कहिल्यै पनि नष्ट हुनेछैनन् तर सदाकालसम्म स्थिर रहनेछ भनी प्रभुले भन्नुभएको थियो (दानिएल २:४४; लूका १:३३; हिब्रू १२:२८) । यसको अर्थ यो हुन्छ कि स्थापनाको समयदेखि अहिलेसम्म संसारको कुनै पनि स्थानमा मण्डली अस्तित्वमा छ । यो सत्य हुनको निम्ति मण्डली हरेक समयमा प्रत्येक स्थानमा अस्तित्व हुनुपर्छ भन्न खोजेको होइन् । हामीसँग राज्यको वीउ नयाँ नियमको वचनमा सुरक्षित गरिएको छ (लूका ८:११) । यदि मण्डलीले प्रेरितहरुका दिनमा ख्रीष्टियानहरु उत्पादन गऱ्यो भने, यसले आज पनि ख्रीष्टियानहरु नै उत्पादन गर्नेछ । प्रेरितहरुका समयमा जसरी ख्रीष्टियानहरु मण्डली भए, आज पनि यो कुरा सत्य छ । यसैले, नयाँ नियम अस्तित्व भएको ठाउँमा प्रभुको मण्डली हुन सम्भव छ ।

आफ्ना जनहरुले परमेश्वरलाई पछ्याउनको निम्ति उहाँले जहिले पनि ढाँचा दिनुभएको छ । जहाज बनाउनको निम्ति उहाँले नोआलाई नमुना पछ्याउन लगाउनुभयो (उत्पति ६) । उहाँले मोशालाई चेतावनी सहित बासस्थान बनाउनको निम्ति ढाँचा दिनुभयो, “पर्वतमा तँलाई देखाएको नमूनाबमोजिम तैले होश गरी ती बनाउनू” (हिब्रू ८:५) । यसैले नयाँ

नियममा पनि हामीलाई प्रभुको मण्डलीको पूर्ण ढाँचा दिइएको छ । जसरी नोआ र मोशालाई दिइएका ढाँचाहरुलाई पछ्याउन अपेक्षा गरिएको थियो, त्यसरी नै मण्डलीको ढाँचालाई हामीले पछ्याउनु पर्छ । जहाज र बासस्थानको निम्ति जसरी नोआ र मोशाले परमेश्वरद्धारा दिनुभएको ढाँचालाई पछ्याए, र परिणाममा परमेश्वर खुशी हुनुभयो । यसरी जब हामी मण्डलीको ढाँचालाई पछ्याउँछौं, त्यसको परिणाममा परमेश्वर खुशी हुनुहुनेछ, उहाँले अपेक्षा गर्नु भए अनुसार वचनमा थपघट नगरी मण्डलीको त्यसरी नै अस्तित्व हुनेछ (प्रकाश २२:१८,१९) ।

मण्डली पहिचानका सम्पूर्ण चिन्हहरु नयाँ नियममा प्रष्टसँग उल्लेख गरेको छ । मण्डली के हो, यसलाई कसले स्थापना गर्‍यो, यो कहाँ स्थापना भयो, यसलाई कुन नाउँद्धारा पहिचान गरियो, यसका सदस्यहरुका नाम, यसको सदस्य कसरी हुने, यसको आराधना, र यसको कार्यको बारेमा प्रभुले भन्नुहुन्छ । यसको शीर को हुनुहुन्छ, कसले यसको मूल्य तिरी किन्नुभयो, यसको मुक्तिदाता को हुनुहुन्छ भनी यसले भन्दछ । यो के हो र यसको कार्य के हो भन्ने बारेमा कुनै शंकाको स्थान छोडेको छैनन् । जसरी परमेश्वरको वचन प्रष्ट छ, त्यसरी नै ढाँचा पनि स्पष्ट छ ।

यसकारण, हामी सबैले गर्नुपर्ने कुरा भनेको बाइबल अध्ययन हो ताकि यसबाट हामीलाई केवल बाइबलको साँचो मण्डलीबारे जानकारी हुन्छ । जब हामीले यसको सत्यतालाई सिकेर पछ्याउँछौं, त्यसपछि हामी ख्रीष्टले स्थापना गर्नुभएको त्यही मण्डलीको सदस्य हुन्छौं । बीउले त्यसको प्रकार अनुसार फल उत्पादन गर्छ र विगतको समयमा जस्तो थियो आज पनि परमेश्वरको वचनले ख्रीष्टियानहरु र प्रभुको मण्डलीको सदस्यहरु उत्पादन गर्छन् ।

ख्रीष्टको मण्डली संसार वरपर पाउन सक्नुहुन्छ । यो संसारमा जतातातै छ । बाइबलले सिकाएका कुराहरु जब मानिसले गर्छन् तब हरेक स्थानमा हरेक समयमा मण्डली अस्तित्वमा हुन्छ । जब मानिसले परमेश्वरको इच्छालाई पालना गर्न छोड्छन् तब संसारको कुनै पनि स्थानमा यसको अस्तित्व हुन छोड्छ । ख्रीष्टको मण्डली आज पनि बृद्धि विकास भएर फैलिदै छ किनभने यसले केवल बाइबललाई मात्र पछ्याउँछ । यसले विभाजनलाई निन्दा गर्छ र ख्रीष्टलाई उचाल्दछ । यहि

मण्डलीबारे केवल तपाईले बाइबलमा पढ्न पाउनुहुन्छ । यो सम्प्रदाय होइन् वा सम्प्रदायहरुको संयोजन होइन् । यो प्रोटस्टेन्ट, क्याथोलिक वा अलग धर्म समूह होइनन् । त्यसो भए यो के हो? यो सामान्यरुपमा प्रभुको मण्डली हो ।

प्रभुको मण्डलीको संसारिक शिर वा संसारिक प्रधान कार्यालय हुँदैनन् । यसले कुनै मानिसलाई उच्च पार्दैनन् । यो संसारिक बुद्धिद्धारा राम्रो तरीकाले संगठन गरिएको हुँदैन् । आफ्नै एल्डरहरु, डिकनहरु, प्रचारकहरु, शिक्षकहरु र सदस्यहरुका संगठनमा प्रत्येक झुण्डहरु स्वतन्त्र हुन्छन । एउटा सदस्य अरु सदस्यहरुबाट उच्च पारिएको हुँदैन् किनभने मण्डलीमा कुनै पादरी वा कारिन्दाहरु हुँदैनन् ।

जसरी शुरुमा खीष्टको मण्डलीका शत्रुहरु थिए, त्यसरी नै आज पनि शत्रुहरु छन् । मानिसहरुका धार्मिक संगठनले यसलाई विरोध गर्छ किनभने तिनीहरु मण्डलीसँग झोकिन्छ, तिनीहरुले मण्डलीको उदाहरणलाई पछ्याउँदैनन् । तिनीहरु मण्डलीसँग रिसाउँछन् किनभने मण्डलीले तिनीहरुसित संगति गर्दैनन् र तिनीहरुका कुराहरुलाई अंगाल्दैनन् । जब तिनीहरुले मानिसका शिक्षाहरुलाई पछ्याइरहेका छन् भने कसैले बाइबललाई मात्र पछ्याउन खोजिरहेको देख्दा तिनीहरु उत्कट रुपमा हुन्छन् । तिनीहरु सचेत छन् कि बाइबलको मण्डलीले केवल खीष्टलाई मात्र पछ्याउँछ र उहाँको मात्र नाम अंगाल्दछ जब कि तिनीहरुले मानिसलाई पछ्याएर मानिसका नामहरु अंगाल्दछन् । सत्यता तिनीहरुको खीष्टको मण्डली विरुद्धको हतियार होइनन्, तर मानिसहरुका हृदयको पूर्वाग्रह, गलत व्याख्या इत्यादि समावेश छन् । तिनीहरुका परिश्रम व्यर्थका छन् ।

प्रभुको मण्डली युग युगहरुमा विजयी भएको छ । यसलाई संसारका शत्रुहरु र नरकका सबै दियाबलसहरुले रोक्न सक्दैनन् । मण्डली वरपर भएकाहरुसँग तुलना गर्दा यो संख्यात्मकरुपमा सानो होला, तर उद्धार पाउनेहरु थोरै नै हुनेछन् (मत्ती ७:१३,१४) । खीष्टको एउटै मण्डली छ र त्यही मण्डलीको निम्ति उहाँ एक दिन फर्कि आउनुहुनेछ (एफिसी ५:२७; यूहन्ना १४:१-६) । उहाँ आफ्नो राज्यको राजा हुनुहुन्छ र परमेश्वरलाई राज्य सुम्पिदिनको निम्ति उहाँ आउदै हुनुहुन्छ (१ कोरिन्थी १५:२४) । उहाँको केवल एउटै दुलही छिन् (प्रकाश २१:९) र जसले उहाँको नाउँलाई

अंगाल्दछ, केवल त्यही दुलहीलाई लिनको निम्ति उहाँ एक दिन आउँदै हुनुहुन्छ । अरुहरुलाई के हुनेछन्? उहाँले तिनीहरुलाई कहिल्यै पनि चिनेको छैनन् भनी दाबी गर्नुहुन्छ । उहाँले तिनीहरुलाई जरा देखि उखेल्नुहुनेछ (मत्ती १५:१३) । तिनीहरुलाई जम्मा गरी आगोमा फाल्नेछन् ।

आजको हाम्रो बिन्ति शुद्ध नयाँ नियमको खीष्टियानिटी हो । परमेश्वरको वचनमा फर्कनुहोस् र त्यसले तपाईलाई अगुवाई गरोस् । बाइबलमा फर्केर तपाईले सत्य जान्नुहुनेछ । बाइबलले जे भन्दछ त्यही गर्नुहोस्, अनि तपाईको उद्धार हुनेछ र प्रभुको मण्डलीमा थपिनेछ, जसबारे तपाईले बाइबलमा पढ्न पाउनुहुन्छ । यदि तपाई खीष्टको मण्डलीको सदस्य हुनुहुन्न् भने तपाई यसको सदस्य हुनको निम्ति हामी हौसला दिन्छौं । परमेश्वरमा विश्वास गर्नुहोस्, आफ्ना पापबाट पश्चात्ताप गर्नुहोस्, खीष्टलाई परमेश्वरको पुत्र भनी स्वीकार गर्नुहोस् र उद्धार पाउनको निम्ति बप्तिस्मा लिनुहोस् (मर्कूस १६:१६; रोमी १०:१०; प्रेरित २:३८) । त्यसपछि प्रभुले तपाईलाई उहाँको मण्डलीमा थप्नुहुन्छ र तपाई खीष्टियान हुनुहुनेछ (प्रेरित २:४७; प्रेरित ११:२६) । के तपाईले यसो गर्नुभयो? यसो गर्नको निम्ति तपाईलाई कसैले दबाव दिदैनन्, तर तपाईले आफ्नो बाइबल अध्ययन गर्नुहुनेछ भनी हामी विश्वास गर्छौं कि तपाई केवल खीष्टियान हुन चाहनुहुन्छ र यसरी तपाईको बाँकी जीवन प्रभुको निम्ति जीउने प्रयास गर्नमा र उहाँको राज्य व्यापकरुपमा फैलिनमा सहायता गर्नुहुन्छ ।

## प्रश्नहरु

**कृपया सही जवाफ दिनुहोस् ।**

(१) मण्डली कहिले स्थापना भयो? के मण्डली आज अस्तित्वमा छ?

(३) यो प्रभुको मण्डली हो भनी प्रमाणित गर्नको लागि के शताब्दी अगाडी फर्केर जानैपर्छ र?

(४) राज्य कति लामो समयसम्म खडा हुनेछ भनी प्रभुले भन्नुभयो?

(५) राज्यको वीउ के हो? आज वीउले के उत्पादन गर्छ?

(७) परमेश्वरले नोआ र मोशालाई के दिनुभयो?

(८) प्रभुको मण्डलीको ढाँचा कहाँ पाउँछौ?

(९) प्रभुको मण्डलीको पहिचानका चिन्हहरु कहाँ दिइएको छ?

(१०) मण्डलीबारे प्रभुले हामीलाई के भन्नुहुन्छ?
(११) बाइबलको साँचो मण्डलीबारे हामीले कसरी थाहा पाउन सक्छौं?
(१२) आज खीष्टको मण्डली कहाँ पाउन सक्छौं?
(१३) के यो मण्डली सम्प्रदाय हो? के यसको संसारिक शिर वा मूख्यालय छ?
(१५) मण्डलीका शत्रुहरु को हुन्? तिनीहरुका हातहतियार के हुन्?
(१६) के मण्डली युगयुगसम्म विजयी भएको छ?
(१७) के को निम्ति खीष्ट संसारमा फर्कदै हुनुहुन्छ?
(१८) खीष्टियान र खीष्टको मण्डलीको सदस्य हुनको निम्ति कसैले चाल्नुपर्ने पाइलाहरु के-के हुन्?
(२०) खीष्टको मण्डलीको सदस्य हुने खुडकिलाहरु के-के हुन्? ✝

**मण्डलीहरूबारे इतिहासका वाणी**

प्रमुख धार्मिक अंगहरुका स्थापनाबारे बिगत २००० वर्षको अभिलेखले यी तथ्यहरु देखाउँछ।

| मण्डली | संस्थापक | स्थान | समय |
|---|---|---|---|
| खीष्टको मण्डली | येशू खीष्ट | यरुशलेम | इ.सं. ३३ |
| रोमन क्याथोलिक | बोनिफेस-३ | रोम | इ.सं. ६०६ |
| लुथरन | मार्टिन लुथर | जर्मनी | इ.सं. १५२० |
| इपिसकोपलियन | हेर्नरी-८ | इङ्गल्याण्ड | इ.सं. १५३४ |
| प्रेसबिटरियन | जोन क्यालभिन | स्विटजरल्याण्ड | इं सं. १५३६ |
| कनग्रिग्रेसनल | रोबर्ट ब्राउनी | इङ्गल्याण्ड | इ.सं. १५५० |
| ब्याप्टिस्ट | जोन स्मिथ | होल्याण्ड | इ.सं. १६०७ |
| मेथोडिस्ट | जोन वेस्ली | इङ्गल्याण्ड | इ.सं. १७३९ |
| लाटर डे सेन्टस्(मोमर्न) | जोसेफ स्मिथ | अमेरिका | इ.सं. १८३० |
| एडभान्टिस् | विलियम मिलार | अमेरिका | इ.सं. १८३० |
| खीष्टियान साइन्टिस्ट | मेरी बेकर इडि | अमेरिका | इं सं. १८६६ |
| योहोवाका साक्षीहरु | चाल्स टि. रसेल | अमेरिका | इसं १८७२ |

करिव दुई हजार वर्ष अगाडी प्रभुको मण्डली स्थापना भएको थियो। यो पहिल्यै जस्तो थियो, आज पनि त्यस्तै अवस्थामा छ। खीष्टको मण्डली संसार वरपर पाउन सक्नुहुन्छ। यो संसारमा जतातत‍ै छ।




सत्यवाणी नेपाल लगायत अन्य ख्रीष्टियान पुस्तिकाहरू प्राप्त गर्नको लागि तलको ठेगानामा सम्पर्क गर्नुहोस्।

पो.ब.नं. २५९९९

इमेल: <votinepal@gmail.com>

- **पावल भन्दछ,**"हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्‌ले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ । उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पतिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो । उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्" (एफिसी १:३-६) ।
- **अगमवक्ता यशैया भन्दछ,**"पछिल्ला दिनहरूमा परमप्रभुको मन्दिर बसालिएको पर्वत सबैभन्दा मुख्य रूपमा स्थापना हुनेछ । डाँडाहरूभन्दामाथि त्यो उच्च उठाइनेछ, र सबै जातिहरू त्यहीं ओइरिएर आउनेछन् । धेरै मानिसहरूले आएर भन्नेछन्,'आओ, हामी परमप्रभुको पर्वत, याकूबका परमेश्वरको भवनमा जाऔं । उहाँले हामीलाई आफ्नो मार्ग सिकाउनुहुनेछ, ताकि हामी उहाँको बाटोमा हिंड्न सकौं" (यशैया २:२,३) ।
- **अगमवक्ता योएल भन्दछ,**"त्यसपछि म मेरा आत्मा सबै मानिसहरूमाथि खन्याउनेछु । तिमीहरूका छोराछोरीहरूले अगमवाणी बोल्नेछन् । तिमीहरूका बूढा मानिसहरू स्वप्नदर्शी हुनेछन् र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन् । ती दिनमा मेरा सेवकहरू पुरूष र स्त्रीहरू दुवैमाथि म आफ्ना आत्मा खन्याउनेछु" (योएल २:२८-२९) ।
- **अगमवक्ता दानिएल भन्दछ,**"यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खडा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, नता यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ । यसले यी सबै राज्यहरूलाइ चकनाचुर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ" (दानिएल २:४४) ।
- **ख्रीष्टले प्रतिज्ञा गर्नुभयो,** "म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ । म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन्" (मत्ती १६:१८) ।